'दिल्ली-काठमाण्डु सम्बन्धको आधार... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १४८ • २०७९ साल कार्तिक ३ गते विहीबार (20 October, Thursday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# पाँच वर्षभित्र गरिबी हटाउने जसपाको प्रतिवद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपाल (जसपा) ले देशको गरिबीलाई पाँच वर्षभित्रमुक्त गर्ने प्रतिवद्धता जनाएको छ । मंसिर ४ गते हुने चुनावका लागि तयार पारेको चुनावी प्रतिवद्धतामा जसपाले पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनी रहेका जनतालाई गरीबीबाट मुक्त गर्ने र बहुआयामिक गरिबीको अनुपातलाई एक अंकमै सिमित गर्ने प्रतिवद्धता जनाएको हो ।

सार्वजनिक भइनसकेको जसपाको प्रतिवद्धतापत्रमा भनिएको छ, 'कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्ने र कृषि फार्महरुको विकास गरी दुई वर्षभित्र खाद्य पदार्थहरुमा आत्मनिर्भर हुने ।' भूउपयोग नीति लागु गर्दै कृषिका लागि जमिनको उपलब्धता निश्चित गर्दै किसानको हितमा भूमि सुधार लागु गर्ने जसपाले प्रतिवद्धता जनाएको छ। एक गाउँ, एक उत्पादनको नीति लागु गरी कृषि उत्पादन बढाउनुको साथै पालिकाभर कृषिबाली बीमा अभियान सञ्चालन गरी प्रकोपजन्य अवस्थाबाट हुने बाली नोक्सानीको सोध भर्नाको प्रबन्ध गरिने जसपाको प्रतिवद्धतापत्रमा उल्लेख छ ।

दुई वर्षभित्र कृषि विकासका लागि नेपालमा रासायनिक मल कारखाना खोल्ने उल्लेख गर्दै जसपाले पाँच वर्षभित्र सुनकोशी-कमला, भेरी-बबई, कर्णाली लगायत ठूला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिँचाई सुविधा पुर्‍याउने प्रतिवद्धता जनाएको छ । त्यस्तै, दुई वा दुईभन्दा किसानको संलग्नतामा चक्लाबन्दी गरी सहकारी खेती गर्ने किसानलाई राज्यले प्रोत्साहित गर्ने पनि जसपाले प्रतिवद्धता जनाएको छ।




**दुई वर्षभित्र कृषि विकासका लागि नेपालमा रासायनिक मल कारखाना खोल्ने उल्लेख गर्दै जसपाले पाँच वर्षभित्र सुनकोशी–कमला, भेरी–बबई, कर्णाली लगायत ठूला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिँचाई सुविधा पुर्‍याउने प्रतिवद्धता जनाएको छ ।**

स्थायी लेखा (प्यान) मा आधारित कारोबारको थ्रेसहोल्ड २० लाखबाट ५० लाख रुपियाँ पुऱ्याउने र साना व्यापारी व्यवसायीहरुको लेखा प्रणाली तथा व्यवसाय नवीकरणलाई सहज र सरल बनाउने प्रतिवद्धतापत्रमा जसपाले उल्लेख गरेको छ । पाँच वर्षभित्र उर्जा शक्तिमा आत्मनिर्भर हुने नीति अवलम्बन गरी जलविद्युतलाई निर्यातको मुख्य उत्पादन बनाई आगामी पाँच वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन गर्ने जसपाले जनाएको छ ।

गरिबीको रेखामुनी रहेका जनतालाई घरेलु खपतमा निःशुल्क उर्जा सुविधा उपलब्ध गराउनुको साथै विद्युतीय सुरक्षाका लागि सहर बजारमा प्रवाहित हुने सम्पूर्ण विद्युत प्रसारण लाइन भूमिगत रुपमा जडान गर्ने जसपाको प्रतिवद्धतापत्रमा उल्लेख छ । देशभित्रै रोजगारी सृजना गर्नका लागि सहरी क्षेत्रमा रोजगार बैंकको स्थापना र शिक्षित बेरोजगारलाई शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्नुको साथै जसपाले वेरोजगार नागरिकलाई वेरोजगार भत्ताको व्यवस्था गर्ने प्रतिवद्धता पत्रमा उल्लेख गरिएको छ ।

वर्तमान पूर्व पश्चिम लोकमार्गलाई स्तरोन्नति गरी चार लेन बनाउने र काठमाडौंको रिङरोगलाई पाँच वर्षभित्र साइकल लेनको समेत व्यवस्था गरी ८ लेनको बनाउने जसपाले जनाएको छ । चीनसँग जोडिएको केरुङ नाकाबाट भारत जोड्ने उत्तर दक्षिण रेल मार्ग तथा देशको पश्चिमी भेगमा भारत-चीनसँग व्यापारिक सम्बन्ध जोड्ने मुस्ताङ र डोल्पा नाकासम्म लोकमार्ग निर्माण गर्ने जसपाले जनाएको छ।

काठमाण्डुका चन्द्रागिरीदेखि धुलिखेलसम्मका आसपासका नगरपालिकाहरुलाई समेटी मेट्रो रेल सञ्चालन गर्ने उल्लेख गर्दै जसपाले अबका पाँच वर्षभित्र आधारभूत रुपमा १२ कक्षासम्मको शिक्षा पूर्णतया निशुल्क गर्ने र गरिब, विपन्न तथा न्यून आय भएका परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि राज्यले विशेष छात्रवृत्तिको व्यवस्था गरिने जसपाले प्रतिवद्धता जनाएको छ । प्रत्येक पालिका तहमा वरिष्ठ फिजिसियनसहितको चिकित्सकीय दरबन्दी कायम गरी २५ शैयाको सुविधासम्पन्न अस्पताल संचालन गर्ने जसपाले जनाएको छ ।








**सुन्दर हिमाल र पहाडको दृष्य** : मौसम खुलेपछि सप्तरीको रुपनी गाउँपालिका स्थित रायपुरबाट देखिएको सुन्दर हिमाल र पहाडको दृष्य । *तस्विर : रासस*

# विषादीको कारोबारलाई सुरक्षित बनाउन परीक्षाको सहारा

**टुडे समाचारदाता**

राजविराज । विषादीको असुरक्षित कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन कारोबारीलाई अनुमतिपत्र (लाइसेन्स) प्रदानका लागि आवश्यक तालिमसहित पूर्वपरीक्षाको आयोजना गरिएको छ । असुरक्षित तरिकाबाट विषादी कारोबार भइरहदा समाजमा विभिन्न खाले अपराधिक घटनासमेत हुन थालेपछि विषादीको कारोबारी र यस कारोबारमा आउन चाहने इच्छुक व्यक्तिलाई तालिममा सहभागी गराइ परीक्षा लिइएको हो।



कृषि ज्ञान केन्द्र सप्तरीले राजविराजस्थित आफ्नै कार्यालय परिसरमा लिएको पूर्वपरीक्षामा २३ महिलासहित १ सय ६७ जना सहभागी थिए । असुरक्षित तरिकाबाट भइरहेको विषादीको कारोबारलाई लक्षित गरी आयोजना गरिएको पूर्वपरीक्षाको परिणाम दुई दिनभित्रै सार्वजनिक गरिने कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवले जानकारी दिए।

पहिलो चरणमा ३५ जनाको मात्र छनोट गर्नुपर्ने भए पनि आवेदकको संख्या चौब्बरभन्दा पनि बढी देखिएपछि परीक्षा प्रणाली अपनाइएको उनले बताए । विषादी कारोबारलाई व्यवस्थित बनाउन विक्रेता अनुमतिपत्रका लागि परीक्षा विधिकोप्रयोग गरिएको थियो। जिल्ला भरबाट आएका विषादी विक्रेता तथा इच्छुक विक्रेताहरुलाई ५० मिनेटको समय दिइ कृषि विषादी सम्बन्धी ५८ वटा बस्तुगत प्रश्नहरु समावेश गरी परीक्षा लिइएको प्रमुख यादवले जानकारी दिए।

विषादीको जथाभावी बेचबिखन र कारोबारले विभिन्न बेथितिहरु पनि देखिएको छ, उनले भने, विषादीको दुरुपयोग भइ आत्महत्याका लागि समेत प्रयोग हुन थालेको पाइएको छ । पूर्वपरीक्षामा उत्तीर्ण भएकाहरुलाई प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र हरिहर भवन ललितपुरबाट आउने कृषि विज्ञहरुको टोलीद्वारा तालिम र अन्तिम परीक्षा लिइने कार्यतालिका रहेको छ । सो परीक्षामा उत्तीर्ण हुनेहरुलाई विषादी विक्रि बितरणको अनुमतिपत्र प्रदान गरिने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ।

कृषि ज्ञान केन्द्रले यसअघि बीऊ बिजन व्यवसायलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र फलदायी बनाउन गत भदौं २९ गते विक्रेता अनुमतिपत्रका लागि पनि परीक्षा विधिकै प्रयोग गरेको थियो।

# ‘एजेन्टको माध्यमबाट वैदेशिक रोजगारमा गए ठगिन्छन’

**राकेश यादव**

रौतहट । गौर नगरपालिका , गरुडा नगरपालिका , चन्द्रपुर नगरपालिकाको सहकार्य तथा माण्डवी रौतहटको आयोजनामा एक दिवसीय जिल्ला तहमा प्रहरीहरुसंग सुरक्षित वैदेशिक रोजगार सम्वन्धी अन्तरक्रिया कार्यक्रम गौरमा सम्पन्न भएको छ।



स्वदेशमा रोजगारी गरौ , वैदेशिक रोजगारीमा जानै नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऊ भन्ने मूल नाराका साथ सुरक्षित आप्रवासन सामी परियोजना अन्तर्गत सञ्चालन रहेको आप्रवासी स्रोत केन्द्र र प्रहरी कार्यालयबीच सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा सहकारीका लागि सम्भावनाहरुको पहिचान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो।

आयोजक संस्थाका निर्देशक अन्जु झाको सभापतित्वमा सम्पन्न भएको सो अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक सुनील कुमार मल्लले वैदेशिक रोजगारिमा एजेन्टको माध्यमबाट गएमा ठगीमा पर्न सकिने बताए।

उनले नेपाल सरकारले सीधै श्रम मन्त्रालयबाट सम्पर्क गरी वैदेशिक रोजगारीमा जान सकिने व्यवस्था गरेकोले एजेन्टको प्रलोभनमा नपर्न आग्रहसमेत गरे।

डीएसपी मल्लले विदेश भन्दा राम्रो आम्दानी स्वदेशमा नै रहेकोले स्वदेश मै सीप सिकेर व्यवसाय गरे मा राम्रै आम्दानी गर्न सकिने सुझाव दिए।

# सप्तरी दुई विकेटले विजयी

**टुडे समाचारदाता**

राजविराज । प्रधानमन्त्री कपको छनोट प्रतियोगितामा सप्तरी दुई विकेटले विजयी भएको छ।

राजविराजमा जारी क्रिकेट प्रतियोगिताको दोस्रो दिनको खेलमा धनुषालाई पराजित गर्दै सप्तरी विजयी भएको हो।

टस जितेर धनुषा क्रिकेट टीमले पहिलो ब्याटिङ राजेको थियो। धनुषा टीम निर्धारित ५० ओभर खेल्न नपाउँदै अलआउट भएका थिए । ४४ ओभर ३ बलमा अल आउट हुँदै धनुषाले एक सय ७६ रन बनाए। एक सय ७७ रनको लक्ष्य पाएका सप्तरीले ४० ओभर ३ बलमै आठ विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो।

सप्तरीका लागि रोहन विकले सर्वाधिक ९४ बलमा ७८ रन, राहुल मण्डलले ४४ बलमा २३ रन, अभिषेक कार्कीले ३६ बलमा १७ रन, पप्पु यादव ३९ बलमा १५ रन र विकास दासले २३ बलमा दश रनको योगदान दिए । सप्तरीका अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्।

धनुषाको लागि बलिङ गर्दै दिब्यांशु मल्लिकले सात ओभरमा ३५ रन खर्चेर चार विकेट, सात ओभरमा ३४ रन खर्चेर आकाश राइले एक विकेट, विक्रान्त यादवले दुई, विशाल सुशलिङ र रुपेश यादवले एक/एक विकेट लिए।

यस्तै, धनुषाकोतर्फबाट ब्याटिङ गर्दै रौनक रत्नमले सर्वाधिक एक सय २५ बलमा ६१ रन, हिमांशु दत्तले ५३ बलमा २९ रन र धनुषा टीमका क्यापटन हरिशंकर साहले नट आउट ३३ बलमा २० रन बनाए। यी बाहेक धनुषाका अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

सप्तरीको तर्फबाट बलिङ गर्दै पप्पु यादवले दश ओभरमा ३९ रन खर्चेर तीन विकेट, अभिषेक कार्कीले सात ओभरमा मात्र १६ रन खर्चेर तीन विकेट, रोहित सिंह, विकास दास र अजय यादवले समान एक/एक विकेट लिएका थिए।

# नेपाल-चीन सिमा केन्द्रविन्दु भएर भूकम्प

काठमाण्डु। सिन्धुपाल्चोक जिल्लाको उत्तरी क्षेत्र नेपाल-चीन सीमाना केन्द्रविन्दु भएर भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार आज दिउँसो ३ बजेर ७ मिनेट जाँदा ५.९ रेक्टरस्केलको भूकम्प गएको हो।

केन्द्रका भूकम्पविद् डा मुकुन्द भट्टराईले भूकम्पको केन्द्रविन्दु नेपाल-चीन सिमाना रहेको बताउनुभयो। उक्त भूकम्पको धक्का सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, रसुवा, राजधानी काठमाडौँ र धादिङलगायतका स्थानमा महसुस गरिएको थियो।

# भाइटीकाको साइत कात्तिक १० गते बिहान ११ : ३७ बजे

काठमााण्डु । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको यमपञ्चक अर्थात् तिहार पर्वको साइत सार्वजनिक गरेको छ। जसअनुसार कात्तिक १० गते बिहीबार बिहान ११ : ३७ बजे भाइटीकाको साइत उत्तम रहेको छ। यमपञ्चक कात्तिक ५ गते शनिबारदेखि सुरु हुनेछ। कात्तिक ५ गते शनिबार यमदीपदान सुरु गरिन्छ। यमपञ्चकका अवसरमा दीपदान गर्नाले यम यातना नपाइने धार्मिक विश्वास छ। धनत्रयोदशी (धनतेरस) पर्व पनि त्यसै दिन मनाउनुपर्ने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

कात्तिक ६ गते आइतबार कागतिहार (काकबली) पर्व परेको छ । धनवन्तरी जयन्ती पनि त्यसै दिन मनाइन्छ। कात्तिक ७ गते सोमबार कुकुर तिहार पर्व मनाइन्छ। त्यसै दिन नरकचतुर्दशी अर्थात् बिहान झिसमिसेमै तेल लगाएर स्नान गरी नरक बालेर बगाइन्छ। यस वर्ष दीपमालिका एवं लक्ष्मीपूजा पर्व पनि कात्तिक ७ गते सोमबार नै रहेको उहाँले बताउनुभयो। लक्ष्मीपूजाको रात्रिलाई सुखरात्री पनि भनिन्छ। कात्तिक ८ गते मङ्गलबार गाईपूजा गरिन्छ। यस दिन सूर्यग्रहण पनि परेको छ।

कात्तिक ९ गते बुधबार गोवर्द्धनपूजा, बलिपूजा, हलितिहार, गोरुपूजा, आत्मपूजा (म्हपूजा) का साथै नेपाल संवत्को नयाँ वर्ष आरम्भ पनि यसै दिन परेको छ। कात्तिक ९ गते बुधबारदेखि नेपाल संवत् ११४३ आरम्भ हुँदैछ। कात्तिक १० गते बिहीबार तिहारको मुख्य दिन हो। यस दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाई आशीर्वादसहित दीर्घायुको कामना गर्दछन्। नेवारी समुदायले किजापूजाका नाममा मनाउने पर्व पनि यसै दिन परेको समितिले जनाएको छ। यस दिन साइत खोज्नेले बिहान ११ : ३७ बजे उत्तर फर्केर टीका लगाउनु उत्तम रहेको समितिले जनाएको छ।रासस

# मतदाता शिक्षा कार्यक्रम

**रञ्जन यादव**

कलैया। निर्वाचनलाई लक्षित गरी बाराको डुमरवानामा अपाङ्गता भएका व्यक्तिहरुका लागि मतदाता शिक्षा एवम् नमुना मतदान कार्यक्रम सम्पन्न भएको छ।

मतदान केन्द्र कसरी पहुँचयुक्त बनाउने भन्ने सन्देश दिने उद्देश्यले सञ्चालन भएको यस कार्यक्रम युएस एड र आइएफइयसको आर्थिक सहयोग तथा नेत्रहीन युवा संघ नेपाल केन्द्रीय कार्यालयको प्रायोजनमा नेत्रहीन युवा संघ नेपाल जिल्ला शाखा बाराको आयोजनमा सम्पन्न भएको हो।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान गर्न योग्य १८ देखि २२ वर्ष उमेर समूहका व्यक्तिहरु तथा अपाङ्गता भएका व्यक्तिहरुलाई मुख्य प्राथमिकतामा राखी कार्यक्रमको आयोजना गरिएको थियो।



श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय डुमरवानामा संचालित कार्यक्रममा करिब ६० भन्दा बढीको उपस्थिति रहेको थियो।

निर्वाचन प्रकृयाकै ढाँचामा कार्यक्रम आयोजना गरिएको र कार्यक्रममा नमुना मतदान प्रक्रियामा विद्यालयका प्रधानाध्यापक अक्षय कुमार चौधरीलाई मतदान अधिकृत र सोही विद्यालयका अर्का शिक्षक रोहित चौधरीलाई सहायक मतदान अधिकृत बनेका थिए।

कार्यक्रममा ५०% भन्दा माथिको हाराहारीमा विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता रहेको थियो। नमुना मतदानमा अन्य सहभागी साथै विद्यालयका शिक्षक कर्मचारी केही स्थानीय लगायत सञ्चारकर्मीहरुले पनि नमुना मतदान कार्यक्रममा सहभागिता जनाएका थिए।

कार्यक्रममा झण्डै ६० भन्दा बढी मत खसेकोमा १७ मत बदर भएको थियो। यस्ता कार्यक्रमहरु स्थानीय तह निर्वाचन २०७९ देखि आसन्न निर्वाचनसम्म चल्ने यसै परियोजना अन्तर्गत बारामा रही कार्य गर्दै आएका कार्यक्रम संचालक विष्णु दाहालले जानकारी दिए।

## मोटरसाईकल हरायो

जि. धनुषा जनकपुरधाम उपमहानगरपालिका-८, रामानन्द चौक, आँखा अस्पताल नजिक रहेको घर अगाडि पाकिङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो/रातो रंगको पल्सर २२० सी.सी. मोटरसाईकल २०७९/०६/३१ गते बेलुकी करिब ६:०० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

सवारी धनीको नाम: हुलास फिन सर्भ लिमिटेड काठमाण्डु
प्रयोगकर्ता :- अनिल कुमार महासेठ
सवारी नं.: म.प्र.०२-००६ प ०६५८
इन्जिन नं. : DKXCMJ34166
चेसिस नं. : MD2A13EX4MCJ80235
सम्पर्क नं. : ९८०४७०२००५

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : धन बृद्धि सञ्चय। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



सवारी साधनमा अनावश्यक भीडभाड नगरौं।
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड




# आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई कारबाही गर्ने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु। निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गर्ने ३५ जना उम्मेदवारहरूलाई कारवाही गर्ने तयारी थालेको छ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारी दिएका ३५ जना उम्मेदवार हरूले निर्वाचन आचारसंहिता उल्लंघन गरेको पाइएकाले कारवाहीको प्रक्रिया अघि बढाउन लागेको छ।

बुधवार निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले धेरै ठाउँमा आचारसंहिता उल्लंघनका उजुरी परेको तर ३५ जना उम्मेदवारहरूले आचारसंहिता बढी नै उल्लंघन गरेको पाइएको भन्दै कारवाहीको तयारी गरेको बताए। उनले आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरूको कसुर प्रवृत्तिको गहन मूल्यांकन र विश्लेषण गर्दा कारवाहीको भागिदार बन्ने देखिएको बताए।

आयुक्त भण्डारीले आचारसंहिता धेरै उल्लंघन हुने समय कार्तिक १८ देखि मंसिर २ भएकाले आफूले बनाएका नीति नियमको पूर्ण पालना र कार्यान्वयन गर्न उम्मेदवारहरूलाई आग्रह गरे। आयुक्त भण्डारीले निर्वाचन आचारसंहिता अहिले पनि विभिन्न तरिकाबाट उल्लंघन भइरहेको भन्दै निर्वाचन आचारसंहिता उल्लंघन गर्ने जो कोही उम्मेदवारहरूलाई पनि आयोगले कारबाही गर्ने चेतावनी दिए।

उनले ऐन, कानून बनाउनेहरूले नै आचारसंहिताको उल्लंघन गर्न नपाइने उल्लेख गर्दै अहिले पनि विभिन्न दलहरुले अगुवा कार्यकर्ता भेला, प्रशिक्षण लगायतका आचारसंहिताको उल्लंघन गरिरहेको बताए। उनले हरेक उम्मेदवार र दलहरुले निर्वाचन आचारसंहिता उल्लंघन गरेको विषयलाई आयोगले प्रमाण संकलन गरी गहन अध्ययन गरिरहेको पनि उल्लेख गरे।

निर्वाचन आयुक्त भण्डारीले नेकपा (एकीकृत समाजवादी) का नेता कृष्णकुमार श्रेष्ठले बारा क्षेत्र नम्बर ४ मा वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभन दिएर अन्तर्वार्ता शुरु गरेको विषयमा पनि उजुरी परेकाले नेता श्रेष्ठलाई आयोगले स्पष्टीकरण सोधेको बताए।

उनले आयोगले यस सन्दर्भमा प्रमाण जुटाउने काम गरिरहेको बताए। उनले आयोगले उम्मेदवारहरूले दिएको जवाफका बारेमा मात्रै सही, गलत नछुट्ट्याउने भन्दै पर्याप्त प्रमाण संकलन गरी आचारसंहिता उल्लंघन गरेको पाइए कारवाहीको भागिदार बनाउने बताए।












**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कारवाही गरियोस्

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनकोलागि दल सहित स्वतन्त्र उम्मेदवारहरु चुनावी प्रचारप्रसारमा होमिएका छन् । तर, निर्वाचन आयोगले निर्वाचन सम्बन्धी गतिविधि गर्न कार्तिक १७ पछि गर्नका लागि निर्देशन दिइसकेको छ । खुल्लमखुल्ला निर्वाचन आयोगको निर्देशनको खिल्ली उडाउनेहरुले आगामी दिनमा कुन प्रकारको सुशासन कायम गर्न सक्छ सहजै बुझ्न सकिन्छ । नेता कार्यकर्ता संगको भेटघाटकै बहानामा उम्मेदवार हरुले सुरु गरेको घरदैलो कार्यक्रम तथा कोणसभाहरु निर्वाचन आचारसंहिता विपरीत छ । तर, निर्वाचन आयोगमा उजुरी नदिए सम्म उनीहरुलाई कारवाही हुनेछैन् । निर्वाचन आयोगले अनुगमन कार्यलाई तीव्र बनाई आचारसंहिता पालना नगर्नेहरुलाई कारवाहीको दायरामा ल्याइ आचारसंहिता अक्षरः पालना गराउनुपर्ने निर्वाचन आयोगको दायित्व हो। उम्मेदवारहरुमा निर्वाचनलाई नटेर्ने देखिएको दम्भलाई निस्तेज पार्नका लागि निर्वाचन आयोग एक्सनमा आउनै पर्ने देखिन्छ। जनतालाई अहिले भगवान ठान्नेहरुको भित्री मनोभाव नबुझि लोभ, लालच र भावनामा बग्ने आम जनताले पनि उनीहरुसंग आफ्ना विगतका समस्याबारे खुलेर प्रश्न राख्नु पर्छ। उनीहरुसंग त्रुस प्रश्नहरु विगतमा नगरेकै कारण उनीहरुको मनोवल दिनप्रतिदिन बढ्दै गएको र जनतालाई मुर्ख बनाउने हर सम्भव प्रयासरत रहेको विगतमा र वर्तमान देखिएको छ। विगतमा जनतालाई मान्छे नठान्नेहरु र कुरा गर्ने फुर्सद नभएकाहरु अहिले उनीहरुको घरदैलोमा पुगी लम्पसार भएको देखिएको छ। तर, निर्वाचन आयोगले उनीहरुलाई स्पष्टीकरण समेत सोध्ने चेष्टा गरेको छैन् । भन्नको लागि जनकपुरधाममा प्रादेशिक निर्वाचन कार्यालय छ तर, यो कार्यालयमा प्रदेश सम्बन्धी कुनै तथ्यांक छैन् । प्रादेशिक कार्यालयमा मात्र धनुषा जिल्लाको तथ्यांक भेटिने गरेको छ। प्रादेशिक कार्यालय स्थापना भए देखि नै यहाँको कार्यालय लथालिंग छ। मधेश प्रदेशका ८ वटा जिल्ला भए पनि प्रादेशिक कार्यालयमा ७ वटा जिल्लाको तथ्यांक सम्बन्धित जिल्लाबाट नै पाउने गरेर कार्यालयको प्रमुख देखि कर्मचारी सम्म पन्छिने गरेका छन् । यस तिर पनि निर्वाचन आयोगको ध्यानाकर्षण हुनु जरुरी छ । कर्मचारीको अभाव भए कर्मचारी थप गर्नुपर्ने तर, ती नगरी प्रादेशिक कार्यालयले अनुगमन समेत गर्न सकेका छैनन् । यदि प्रादेशिक कार्यालयले धनुषा जिल्लाको मात्रै तथ्यांक राख्ने गरेका छन् भने कम्तीमा धनुषा जिल्लामा हुने गरेको निर्वाचन आचारसंहिता उल्लंघन सम्बन्धी जानकारी कम्तीमा आयोगलाई गराउनुपर्ने देखिन्छ । तर, मस्त निन्द्रामा प्रादेशिक कार्यालय सुतेको यहाँका जनताहरुले महसुस गरेका छन् ।

# नेपालमा दुईदलीय प्रणालीको अभ्यास



**डा. रामसागर पंडित**

दलीय आधारमा देशको शासनलाई बाँट्दा मूलतः दुई भागमा विभक्त भएका छन् । पहिलो निर्दलीय तथा अर्को दलीय रहेका छन् । दलीय शासन व्यवस्थालाई पनि एकदलीय, दुईदलीय तथा बहुदलीय प्रणाली अन्तर्गत राखेर हेर्न सकिन्छ । निर्दलीय प्रणालीको उदाहरणतिर जाँदा नेपालकै २०१७ सालदेखि २०४६ सालसम्मको प्रणालीलाई हेर्दा हुन्छ । यस्तो प्रणालीमा दलको प्रभुत्व हुँदैन । राजा वा राष्ट्रपति मूलरूपले देशको शासन गरेका हुन्छन् । यसमध्ये राजा वंशको आधारमा एक पछि अर्को आसीन हुँदै आउँछन् भने राष्ट्रपति जनताद्वारा चुनिएर आउँछन् । यसमा पार्टीको झंडा बिना व्यक्तिले निर्वाचन लडेर जान्छ । नेपालमा पञ्चायत शासन प्रणालीलाई निर्दलीय शासन व्यवस्थाको सबभन्दा ठूलो प्रमाणको रूपमा लिन सकिन्छ ।

दलीय शासन प्रणाली अन्तर्गत एकदलीय शासन प्रणालीको सबैभन्दा ठूलो उदाहरण वामपन्थी व्यवस्था लागू भएका देशहरूमा हेर्न सकिन्छ । चाइना, क्यूवा, उतरकोरिया आदि देशहरूलाई हेर्न सकिन्छ । यी देशहरूमा एउटै दलभित्र प्रतिस्पर्धा गरेर सक्षम व्यक्तिलाई छान्ने काम गर्छन् । यस व्यवस्थामा विचारधारात्मक विपक्षी हुँदैन । खासगरी साम्यवादी देशहरूले यस्ता प्रणालीलाई आत्मसात गरेका छन् । यसपछि कतिपय देशले दुईदलीय प्रणाली लागू गरेका छन् । यस्ता प्रणाली खासगरी यूरोपीय केही देशहरूले अपनाएका छन् ।

यस्ता प्रणालीमा एउटा पक्ष तथा अर्को विपक्षको भूमिकामा देखिन्छ । पक्षमाथि विपक्षको दबाब कायम रहन्छ जसले गर्दा सत्ताधारी दलले जथाभावी गर्ने आँट गर्दैन । यस्तो प्रणालीमा बहुमतले अल्पमतमाथि शासन गरेको देखिन्छ । बहुदल तेस्रो किसिमको प्रणाली हो जसमा धेरै पार्टीहरू हुन्छन् । यी पार्टीहरू मध्ये जसले ५१ प्रतिशत प्रतिनिधिसभा सदस्य जित्छन् सो दलले सत्तामा जान्छ र बाँकी विपक्षमा बस्ने गर्छन । यस्ता प्रणालीमा सामान्यतः अल्पमतले बहुमतमाथि शासन गरेका हुन्छन् ।

नेपालको संविधान २०७२ अनुसार नेपालमा बहुदलीय प्रणाली लागू भएको छ । यस प्रणाली अनुसार विभिन्न पार्टी तथा स्वतन्त्र रूपमा व्यक्तिहरू निर्वाचनमा भाग लिन पाउँछन् । पहिलो आम निर्वाचन २०७४ अनुसार पहिलो संसदको निर्वाचन सम्पन्न भएको थियो । पहिलो संसदको कार्यकाल ५ वर्ष सकिएर अहिले दोस्रो कार्यकालका लागि निर्वाचनको घोषणा भईसकेको छ । २०७९ साल मंसिर ४ गते निर्वाचन हुनेछ । निर्वाचनका लागि सारा व्यवस्थापन गरिसकेको छ । तर पहिलो संसदीय कालमा मूल वामपंथी पार्टीहरू एक ठाउँमा एकीकृत भएर निर्वाचन लड्दा लगभग दुईतिहाइको संख्यामा जितेर नेकपा (एमाले) का केपी ओली प्रधानमंत्री बनेका थिए । तर तीनवर्षसम्म जाँदैजाँदा केपी शर्मा ओलीको सरकार मात्रै गएन पार्टीहरू समेत अलग-अलग भए जसले गर्दा यिनीहरू कमजोर हुँदै आए । त्यति मात्र कहाँ हो र ? केपी ओलीको सन्की कामकार्वाहीले गर्दा आफ्नै पार्टीभित्र विग्रह गरेर माधव नेपालको एउटा समूह पार्टी छाडेर नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् । यसरी नेकपा दिनप्रतिदिन कमजोर हुँदै आएको छ । अहिले नेकपा (एमाले) प्रजातान्त्रिक इतर पक्षसँग गठबन्धन गरेर निर्वाचनमा होमिएको छ । एमालेले राष्ट्रिय प्रजातन्त्र पार्टी, लिङदेन र थापासँग गठबन्धन गरेको छ । यता सिटको बाँटफाँटमा अलिकति घटबढ हुँदा राष्ट्रिय समाजवादी पार्टी, नेपालले समेत केपी ओलीसँग गठबन्धन गरेको छ । राष्ट्रिय समाजवादी पार्टी नेपालले ओली जस्तो नेतृत्व गर्ने पार्टी एमालेसँग गठबन्धन गरेर आत्मघाती काम गरेको छ । हिज्जोसम्म तराई मधेसको विरोधी मान्छे एकै रातमा कसरी चोखो भयो विचारणीय कुरो देखिन्छ । त्यसर्थ अवउप्रान्त राजपा नेपाल पनि प्रतिगमनको मतियारमा सामेल भएको देखिन्छ । भोली हुने निर्वाचनमा यस्ता मतियारहरूलाई आम जनता कुन किसिमले मूल्याङ्कन गर्छन हेर्न बाँकी छ ।

यता अघिदेखि गठबन्धनमा सामेल रहेका पार्टीहरू क्रमशः नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), संयुक्त जनमोर्चा नेपाल तथा हालै सामेल भएको लोकतान्त्रिक समाजवादी पार्टी गरी जम्मा पाँच पार्टीहरू गठबन्धन गरेर निर्वाचनमा होमिएका छन् । केपी ओलीलाई निर्वाचनमा परास्त गर्न यस्ता गठबन्धनको अति महत्व देखिन्छ । प्रतिगमनलाई रोक्न यस्ता गठबन्धन नगरेर हुँदैन । स्थानीय निर्वाचनले ल्याएका परिणामलाई हेर्दा पनि यस्ता गठबन्धनको अनिवार्यता अझै बढ्न जान्छ ।

तर गठबन्धन गरेर मात्र हुँदैन, यसलाई अक्षरसः पालन पनि हुनु पर्छ । छद्मवेशीहरू निर्वाचनमा विभिन्न किसिमका झूठमूठको प्रचार गरेर जनतालाई दिग्भ्रमित गर्न खोज्छ । त्यसबेला गठबन्धनमा सामेल पार्टीहरू एकजुट भएर सामना गर्नुपर्ने हुन्छ । विगतको स्थानीय निर्वाचनमा मात्र होइन यस संसदीय निर्वाचनमा समेत पार्टीहरूका बागीउम्मेदवारहरू मैदानमा कुदेका छन् । ती बागीहरूलाई पार्टीहरूले राम्रोसँग व्यवस्थापन गर्न सकेन् भने निर्वाचनमा आफू त हार्छ/हार्छ गठबन्धनको उम्मेदवारलाई समेत लिएर डुब्छ । गठबनधनका लागि बागीउम्मेदवारहरूलाई व्यवस्थापन गर्न एउटा ठूलै चुनौती रहेको देखिन्छ ।

केपी ओली तराईमा प्रवेश गर्दा नागरिकताको कुरो उठाउँछन् र भन्छन हाम्रो पार्टी जितेमा तीन महिनाभित्र हामी नागरिकता समस्या समाधान गर्छौ । यस्ता कुरामा समेत जनताले जोड/जोडले ताली गड्काएका थिए । जबकि नागरिकता समस्या गठबन्धनले समाधान गरिगरिसकेका छन् । त्यसमा राष्ट्रपतिलाई समेत मुछेर अडङ्गा लगाउने काम गरेका छन् । सो नागरिकता विधेयक अहिले सर्वोच्च अदालतमा विचाराधीन छ । यस्ता समेदझूठ बोलेर जनतालाई दिग्भ्रमित गरेर भोट आफ्नो पक्षमा लिने कोसिस गरिरहेका छन् । त्यतिमात्र कहाँ हो र ! उनले भनि रहेका छन् कि म त विकासलाई गति दिन चाहन्थे तर यिनीहरू मलाई कामै गर्न दिएन । काम गर्न कहाँ रोकेका थिए ? उनीहरू केपी ओलीको छलछुद्रमबाट तंग भएर बाहिरिएका थिए ।

जहाँसम्म पार्टीहरूमा विचारधाराको कुरो छ यसमा सबै पार्टीहरूले विचारको बाटोबाट तेर्सिएका छन् । नेपाली काँग्रेसको मूल विचारधारा राष्ट्रियता, समाजवाद र प्रजातन्त्र, नेकपा (माओवादी केन्द्र) ले क्रान्तिकारी साम्यवादी विचारधारा, नेकपा (एकीकृत समाजवादी) ले समाजवादको बाटोबाट तेर्सिएकै हो । यसमा पार्टीहरू जे जस्तो भने पनि यो सत्य हो । तर यी पार्टीहरूका सामुन्ने समयानुसारको बाध्यता पनि थियो र छ । एक अर्कासँग गठबन्धन गर्दा केही लाभ हानीको कुरो आइहाल्छन् नै । प्रतिगमनलाई रोक्न हामीहरूलाई यस्ता लाभहानी छोडेर एक ठाउँमा आउने वाध्यता भयो ।

अर्कोतिर नेकपा (एमाले) को कुरै छोडौं । यसलाई जे गरेर पनि सत्ता चाहिन्छ । यस पार्टीको सिद्धान्त अहिले कहाँ छ ? यस पार्टीले अग्रगमनलाई छोडेर प्रतिगमनको बाटो समातेको छ । २०७२ मा निर्माण भएको नेपाली संविधानलाई समेत ध्वस्त गर्न चाहन्छ । यसका लागि अहिले निर्वाचनमा निर्दलीयत्ता बोकेका पार्टीहरूसँग गठबन्धन गर्न पुगेको छ । पहिलो निर्वाचनमा जनताको सामुन्ने प्रकट गरेका कुरालाई बिर्सेर तोडमटोर गरेर बोल्न थालेका छन् ।

एकचोटी जनतालाई दिग्भ्रमित गर्न सकिए तर अब जनता पनि यसको चालाबाला बुझिसकेका छन् । अब जे जस्तो धोकाधरी गर्न खोज्यो भने जनता नेकपा (एमाले) को कुरामा विश्वास गर्दैनन् । रह्यो कुरा जसपा नेपालको, यस पार्टीलाई यस पालिको निर्वाचनमा जनता निकै धेरै प्रश्नहरू सोध्न थालेका छन् । पाँच पार्टीका गठबन्धनमा राजपा बाहिरिए पनि उनीहरू पाँचको पाँच छँदै छन् । राजपा निस्किए पछि लोसपाले तुरून्तै प्रवेश पाइसकेका छन् । यसरी गठबन्धनबाट जनताले निकै धेरै आशा राखेका छन् । यी पार्टीहरू मात्रै यस प्रणालीलाई बचाउन सक्छन् । अन्यले होइन ।

पार्टीहरूका कुरालाई हेर्दा आ-आफ्ना विचारधारालाई छाडेर दुईदलीय पार्टी प्रणालीका प्रकृतिमा आइरहेका छन् । अहिलेको निर्वाचन काँग्रेस र बामपन्थीहरू बीचको लडाइ मात्रै होइन, कुन पार्टी कहाँ पुगे ठेगान छैन ।

दिनमा विचारधाराको कुरो उठाएपनि रात/राति विपरीत सिद्धान्तका पार्टीहरूसँग एकता गर्न जान्छ । यसले के देखाउँछ भने जनताको बीचबाट जुन विचारधारा बोकेर संघर्षमा होमिएका थिए, ती सबैलाई तिजाञ्जली दिएर आ-आफ्ना स्वार्थका पछाडि भौतारिरहेका छन् । यसबाट जनता निकै ठूलो अलमलमा परेका छन् । अहिले एकातिर काँग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनमोर्चा, लोसपा एकातिर छन् भने एमाले, राजपा, जसपाहरू अर्कोतिर । यसले के देखाउँछ भने भोली नेपालमा दुईदलीय प्रणाली हुने भयो भने कुनै आश्चर्यको कुरो छैन ।

धेरै देशमा दुईदलीय प्रणाली छ । एउटा पक्ष सरकारमा जान्छ भने अर्को विपक्षमा बस्छ । सरकार कामकाज गर्दा राष्ट्रहीत विपरीतका कुनै काम गर्दा रोक्ने काम विपक्षी पार्टीको हो । यसको जन्म फ्रेन्च संसदबाट भएको छ । १९ सौं शताब्दीतिर संसदको सभामुखका दाहिनेतिर बस्ने सांसदहरूलाई दक्षिपंथी तथा बाँयातिर बस्ने सांसदहरूलाई बामपंथी मान्न थालिए । त्यसै बेलादेखि दक्षिणपन्थी तथा बामपन्थीको अस्तित्व कायम भयो । पछि वायाँतिर बस्ने सांसदहरूलाई बामपन्थी अर्थात कम्युनिष्ट र दाँयातिर बस्ने सांसदहरू परम्परावादी अर्थात सनातनी विचारलाई मान्नेसँग नजिक देखिए । यसरी दुई दलीय पार्टीको जन्म भएको देखिन्छ । नेपालमा पनि यस्तै दुईदलीय पार्टीको जन्म हुने देखिन्छ । नेपालमा पनि यस्तै प्रणाली भोलि लागू भयो भने कुनै आश्चर्य छैन । व्यवहारमा आइसकेका छन् । यसलाई सैद्धान्तिक रूपमा व्यवस्थापन गर्ने काम मात्र बाँकी देखिन्छ ।

नेपाललाई बचाएर अगाडि बढाउने पार्टीहरूको मूल जिम्मेवारी हो । प्रणालीगत लडाइ सकिसकेका छन् । जनताद्वारा निर्भित संविधानभन्दा अन्य माध्यमबाट बनाउने संविधान पक्कै पनि यति पूर्णता पाउँदैन । अहिले कतिपय पार्टीहरू यस संविधानलाई असफल पारेर नयाँ संविधान ल्याउन चाहन्छन् । यसको अगुवाइमा राष्ट्रिय प्रजातन्त्र पार्टी आएको छ भने अदृश्य रूपमा नेकपा (एमाले) जस्ता पार्टीहरू लागेका छन् । यसै संविधानलाई संशोधन गर्दै सबै वर्ग र तप्काका मानिसहरूलाई समेटिँदै अगाडि बढेको संविधानलाई असफल बनाउनु कतिको देश र जनताको हीतमा छ बुझ्नु पर्ने कुरा रहेछ ।

सबै समूहलाई एकै चोटी खुश पार्न विश्वका कुनै पनि संविधान सक्दैन । हुनत यसका लागि जनताको चेतनामा बृद्धि हुनुपर्छ । ब्रिटेनमा लिखित संविधान नभए पनि राम्रोसँग देश चलेकै छ । यहाँ लिखित संविधान हुँदाहुँदै कसैकसैलाई असन्तुष्टि आउनु स्वभाविक कुरो हो, तर यसको समाधानको उपाय निकाल्नु सट्टा संविधानलाई नै असफल बनाउनु कतिको देश हीतमा छ विचारणीय कुरो रहेछ ।

निष्कर्षमा जाँदा आगामी ४ गते मङ्सिरमा हुने निर्वाचनमा दुई समूह बीच नै टक्कर देखिन्छ । पहिलो समूह ५ दलीय गठबन्धन र दोश्रो समूह तीन दलीय गठबन्धन रहेका छन् । फ्रेन्च संसद जस्तो भोलि हुने हो कि प्रबल सम्भावना रहेको देखिन्छ । यदि संविधान संशोधन गरेर त्यस्तो दुईदलीय प्रणालीमा आउँछ भने अति उत्तम । १०० भन्दा बढी पार्टीहरूको किचकिचबाट छुटकारा पाउन सकिन्छ । आशा राखौं भोलि देशमा दक्षिण पन्थी र वामपन्थीहरू देश चलाओस् । इतिश्री ।

*लेखक त्रिविका अवकाश-प्राप्त सह-प्राध्यापक तथा अन्वेषक हुनुहुन्छ ।*

# किन कमजोर बन्दै गए मधेश केन्द्रितदल ?



**ललित कुमार यादव**

मधेश आन्दोलन मार्फत संघीयताको मुद्दा स्थापित गराएर उदाएका थिए, मधेशकेन्द्रित दलहरु।२०६४ को संविधानसभाको निर्वाचनबाट मधेशको प्रमुख शक्ति र मुलुककै एउटा राजनितीक शक्तिको रुपमा स्थापित भए। मधेसको आक्रोशबाट मधेशकेन्द्रित दलको जन्म भयो। मधेसमा ठूला दलप्रति रहेको अविश्वोसका कारण नेपाली राजनितीमा स्थापित भयो। मधेशमा मधेसकेन्द्रित दलप्रतिको आकर्षणको कुनै सिमा थिएन, त्यतिबेला।मधेसी जनता मात्रै होईन विभिन्नय पार्टिमा रहेका मधेसी नेताहरु समेत मधेसकेन्द्रित दलमा आबद्ध हुन थाले। अब मधेसमा अरु पार्टिले कुनै ठाउँनै पाउँदैन जस्तै लाग्थ्यो त्यसबेलामा।तर आजसमय फेरिएको छाहिजो मात्र चम्किएको मधेसकेन्द्रित दलहरुमा आजै खिया लागि सकेको छ।

मधेशले मधेश केन्द्रित दललाई विश्वोास गरेर जनमत प्रदान गर्यो। मधेस आन्दोलमा मधेसी जनताको साथ पाएका मधेसकेन्द्रित दलले चुनावमा मत पनि पायो। तर मधेसले प्रदान गरेको जनमत र मधेसी जनताको विश्वासमा मधेसकेन्द्रित दलहरु खरो उत्रिन सकेन्। मधेसको इच्छा विपरि सँधै केन्द्रिय सत्ताको खेलमा केन्द्रित हुन थाले तर आफ्नै जग मधेसलाई बिर्सिदै गए। ठूला दललाई सत्तामा पुर्याधउन कुनैबेला वैशाखी बनेका मधेसकेन्द्रित दलहरुले आज मधेसमै चुनाव लडन तिनै ठुला दलको सहारा खोज्नुपर्ने अवस्थामा पुगेका छन्।कुनैबेला आफैले विस्थापित गरि दिएका ठूला दलको सहाराबिना आज मधेसमै चुनाव लड्न सक्ने सामर्थ्य छैन मधेसकेन्द्रित दलहरुसँग।

०६२/६३ कै जनआन्दोलनको निरन्तरताकै रुपमा मधेस आन्दोलन भयो । मधेसले आफ्ना अधिकार प्राप्ति गर्नकै लागि आन्दोलनको बाटो रोजेको थियो। प्रथम मधेस आन्दोलन भएको डेढ दशक भन्दा बढी समय बितिसकेको छ। तर, मधेसको मुद्दा सम्बोधन भएको छैनअहिलेसम्म। यस अवधिमा मधेसमा तीनपटकसम्म आन्दोलन भैसकेको छ। नेपाल सरकारले मधेसकेन्द्रितदलसँग २२ बुँदे र ८ बुँदे सहमति गरेर मधेस समस्या समाधान गर्ने प्रतिबद्धता मधेससँग गरेको थियो । २२ बुँदे र ८ बुँदे सहमति अहिले पनि मधेस आन्दोलनको उपलब्धिको दस्तावेजको रुपमा रहेको छ।

मधेश आन्दोलनले उठाएको कुनै पनि मुद्दा सम्बोधन भएकै छैन भन्नँ मिल्दैन । यो गलत हुन्छ । मधेसले उठाएका सबै मुद्दामा लगभग काम भएको अवस्था छ। तर मधेसले अपनत्व लिने गरि मधेसको सहमतिमा पूर्ण रुपमा कार्यवन्यन भएको छैन। राज्यले आफ्नो चाहना अनुसार मात्र कार्यान्व यन गर्दै आएकोछ।मुलुक संघीयतामा जानु , समावेशीको सिद्धान्तलाइ स्विकार गर्नु मधेस आन्दोलनकै उपलब्धि हो । नागरिकता समस्या अहिले पनि हल हुन सकेको छैन।पछिल्लो समयमा दुवै सदनबाट दोस्रो पटक पारित भएको नागरिकता बिधेयक प्रमाणीकरण हुन सकेन।नागरिकता जस्तो संवेदनशिल र राष्ट्रिकयताको विषयमा दलएकमत हुन सकेका छैनन् । नागरिकता समस्या फेरि चुनावी मुद्दा बनेको छ।

२०७४ सालको संषीय निर्वाचनपश्चाोत संघमा नेपाल कम्युनिस्ट पार्टीको सरकार गठन भयो। उक्त सरकारमा उपेन्द्र यादव पनि दुई बुँदे सम्झौताको खोस्टा बोकेर सहभागि भए। सुबिधाजनक बहुमतमा रहेको सरकारले नागरिकता विधेयकबारेमा ओठ खोल्ने प्रयास समेत गरेन्। मन्त्री रहँदासम्म उपेन्द्र यादव समेत चुपचाप झण्डाकबाला गाडीमा रमाए।केही समयपछि ओलीको सरकार संकटमा पर्यो। संकटमा ओली सरकारलाई काँध थाप्न महन्थ ठाकुरहरु तयार भए। ठाकुरहरुलाई रिझाउन ओलीले नागरिकता विधेयकसम्बन्धी आध्यादेश ल्याई दिए।यसरीनै नागरिकतामा राजनीति हुँदै आएको छ।

२०६३ माघ १ गते अन्तकरिम संविधानमा संघीयताबारे उल्लेबख नगरेका कारण तत्कालिनमधेसी जनअधिकासर फोरम नेपालका अध्य क्षउपेन्द्र यादवको नेतृत्वमा काठमाडौंको माइतीघरमा संविधान जलाइयो। त्यसपश्चाीत उपेन्द्र यादवसहित झन्डै दुई दर्जन मधेसीको गिरफ्ताउरीले मधेसलाई आक्रोशित बनाएको थियो ।सोही घटनाको बिरोद्ध गर्ने क्रममा माघ ५ मा लहानमा रमेश महतो (बिद्यार्थि) को गोलि लागि मृत्यु भयो र मधेस आन्दोलन परालको आगोझै मधेसभरि फैलियो। पहिलो मधेस आन्दोलनमा ३ दर्जनभन्दा बढी मधेसी सपुतहरुले शहादत प्राप्तल गरेपछि मात्र सरकार मधेस आन्दोलनलाई सम्बोधन गर्न बाध्ये भएको थियो।

नेपाली काँग्रेसबाट विद्रोह गरी निस्केका महन्थ ठाकुरले केही नेताहरुको साथ लिएर २०६४ फाल्गुणमा तराई मधेस लोकतान्त्रिक पार्टि गठन गरे। त्यसपश्चात् मधेसकेन्द्रितदलबिच संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको गठन भयो। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले दोस्रो मधेस आन्दोलन थाले। यो आन्दोलनमा पनि धेरै मधेसी सपुतहरुले शहादत प्राप्ति गरे।

दोस्रो मधेश आन्दोलन सहमतिमा टुंगिए पछि मधेसकेन्द्रितदलको सत्ता यात्रा प्रारम्भ भयो। सत्तामा जानै पर्ने मान्यता मधेसकेन्द्रितदलका नेताहरुमा रहेको छ।मधेस आन्दोलन गर्न संयुक्त मधेशी मोर्चा गठन गरेका मधेसकेन्द्रितदल पहिलो संबिधानसभाको चुनावमा छुट्टाछुट्टै सहभागी भए। परिणामस्वरु जुन शक्तिको रुपमा मधेसको प्रतिनिधित्व संबिधानसभामा हुनु पर्ने थियो, त्यो भएन। यद्यपी मधेस केन्द्रीत दल नया शक्तिको रुपमा संबिधानसभामा देखा परे।सत्तासमिकरण बनाउन मधेसकेन्द्रितदल तीन ठुला दलको रोजाइमा पर्न थाले र साझेदार पनि बन्नभ थाले। सत्तामा पुग्न र पुर्या्उन दल विभाजन गर्न पनि पछि नपर्ने खेल मधेसकेन्द्रितदलहरुमा सुरु भयो।त्यसयता मधेस मुद्दा मधेसकेन्द्रितदलको लागि सत्तामा जाने भर्याङ्ग मात्रै बन्दै आएको छ।

पहिलो संबिधानसभाको अबधीमा बनेको सबै सरकारमा मधेसकेन्द्रितदल सहभागी हुदै गए र मधेसकेन्द्रितदलको संख्या बढदै गयो।सत्तामा रहेसम्म मधेसको म पनि उच्चारण नगर्ने प्रवृति मधेसकेन्द्रितदलका नेताहरुमा बिकास भयो। तिनै नेताहरु सत्ताबाट बाहिरिएकै दिनदेखि मधेसको समस्यालाई बिकराल देख्नेत र आन्दोलन गर्न मधेसी जनतालाई उक्साउने चरित्र नै बनाए।मधेसलाई आन्दोलित गर्न पटकपटक सफल भएका मधेसका नेताहरु आन्दोलनको उपलब्धिलाई जोगाएर मधेसमा परिवर्तन ल्याउन कहिल्यै खोजेनन्।

२०७० को संबिधानसभाको निर्वाचनमा मधेसकेन्द्रितदलहरुले नराम्रो क्षतिको सामना गर्न बाध्य भयो । मधेसमै स्तित्व जोगाउन मुश्किकल परेको अवस्था आयो। टुक्रा टुक्रा मा बिभाजित भएर निर्वाचन लडेकाले २०७० को संबिधानसभामा सानो शक्तिको रुपमा देखा परे। शक्तिमा नरहेकै कारण मधेसकेन्द्रितदलहरुको सत्ता स्वार्थ पुरा गर्नकुनै दलले चाँसो दिएन। तीन ठुलादलले मधेसकेन्द्रीतदललाइ पेलेरै अगाडी बढने रणनिति लियो । मधेसकेन्द्रितदलको असहमतिका बाबजुद संबिधान जारी भयो। संबिधान जारी हुँदा मधेसमा आन्दोलनमा बालिएको टयरको धुँवाले मधेसको अकास कालै भएको थियो भनेमधेस कालो दिवस मनाउन बाध्य थियो।

२०७४ को निर्वाचन सम्म आइपुग्दा मधेसकेन्द्रितदलको रुपमा राजपा र संघीय समाजवादी फोरम, नेपाल दुइ दल मात्र सकृय थियो । बिभाजित भएर निर्वाचनमा गएको कारण अघिल्लो निर्वाचनमा क्षति ब्यहोरेकोले गठबन्धन गरेर निर्वाचनमा जाने निर्णय लियो। केही हद सम्म आफ्नो गुमेको शक्ति फर्काउन सफल भयो। मधेशी जनताले मधेसकेन्द्रितदल एक हुनु पार्ने सुरुदेखि नै चाहेका थिए।२०७७ साल वौशाख १० गते राजपा र संघीय सामाजवादी पार्टिबिच एकिकरण भइ जनता सामाजवादी पार्टी नेपाल (जसपा) गठन भयो।

यससँगै मधेसकेन्द्रित दलहरु एक भएको सन्देपश प्रवाह भयो र मधेसकेन्द्रितदलप्रति विश्वादस राख्नेश आमजनता उत्साहित भए। तर मधेसका मुद्दा एउटै रहेको आलाप गाउने यी दुई दलको एकता एक बर्ष पनि टिक्न सकेन् । एकताको प्रथम बार्षिकी मनाउन नपाउदै जसपामा विभाजन अइसकेको थियो भनेभदौ ९ गते २०७८ मा आयोगले ठाकुरको लोसपा लाई दलको मान्यनता दिएसँगै जसपा औपचारिक रुपमा विभाजित भयो।जसपामा विभाजन आउनुको एउटै कारण थियो केपी ओलीले चालेको असंवैधानिक कदमको पक्षमा उभिने कि विपक्षमा उभिने विषयमा जसपाका नेताहरु विभाजित हुनु।

अन्तरिम संविधान जलाउनेदेखि लहान र सप्तारीको मलेठ घटनापछि विकसित आन्दोलनको एउटै माग थियो "समग्र मधेस एक प्रदेश । तर, संघीयता कार्यान्वयनको क्रममा यसले पूर्णता पाउन सकेन। सप्तरीदेखि पर्सासम्मका ८ जिल्लालाई मधेस बनाइएको छ।२०७४ सालको प्रतिनिधीसभा तथा प्रदेशसभाको निर्वाचनपश्चापत मधेस प्रदेशमा मधेसकेन्द्रितदलहरुको संयूक्त सरकार गठन भयो । मधेसकेन्द्रितदललेनै पुरा कार्यकाल सरकारको नेतृत्व गर्न पाएको छ। तर सुशासन प्रदान गर्न सकेन, सरकारले ।

संघीयता र समावेशीताको अनुभुति समेत जनतालाई गराउन सकेन्।विभेद र असमानताको मुद्दा उठाउदै आएका दलहरु आफै सत्तामा पुग्दा मधेसमा यही कुरा लागु गर्न सकेनन्। फलस्वरुप यिनीहरु पनि विभेद र असमानताको विरूद्धमा रहेको ब्यबहारले प्रमाणित भएन्। मधेस प्रदेशको सत्ता चलाउने अवसर पाएर पनि मधेस र मधेसी जनताको हित हुने गरी खासै नयाँ कार्यक्रम ल्याउन सकेन्। मधेसलाई समृद्ध बनाउने विकासे योजना समेत दिन सकेन्। उल्टै भ्रष्टाचारको आरोप लागि रह्यो। मधेसमा रहेको बेथिति भत्काउने समान्य काम समेत गर्न सकेन्।मधेसमा केन्द्रित हुनु पर्ने मधेसकेन्द्रितदलहरु केन्द्रिय सत्ता बजारमा आफ्नो भविष्य अजमाउन व्यस्त भई दिदाँ मधेसमै संकटमा पर्न गएको थाहनै पाएन ।

मधेश केन्द्रितदलहरु जातासँग सँधै एउटै मुद्दामा भोट माग्दै आएका छन्। मधेसमा भौगोलिक सुगमताका बाबजुद भौतिक विकास हुन सकेको छैन। मधेस मानव विकास सूचकांकमा पछाडि रहेको, गरिबिमा अगाडी रहेको, सक्षरतादर कम रहेको, बेरोजगारीको समस्या बिकराल बन्दै गएको, कृषिको बेहाल रहेको आदि समस्याप्रति मधेसकेन्द्रितकुनै दल गम्भिर भएन्। यी समस्याहरु सामाधान गर्ने प्रतिब्धता मधेसकेन्द्रितकुनै दलबाट मधेसका जनताले पाउन सकेन्। मधेसकेन्द्रितदलहरुले जहिले पनि खालि विभेदका कुरा मात्र गरे। मधेसमा आक्रोस पैदा गरेर आफु स्थापित हुने बाटो मात्र देखे मधेसकेन्द्रितदलहरुले।

मधेश केन्द्रितदलहरुको विचार, सिद्दान्ते र उद्देश्यु लगभग एउटै रहेको छ तरपनि एक ठाउँमा उभिन सकेका छैनन्।हुन लागेको निर्वाचनमा मधेसकेन्द्रितदुवै दलले सहारा खोजेका छन् । तर एक अर्काको सहारा बनेनन्।उता मधेसलाई अलग देशनै बनाउने हल्ला गरेका जनमत पार्टी पनि मूलधारको राजनितीमा भविष्यह खोज्दै छ तर उज्ज्वल भविष्यसको बाटो लिन सकेको छैन्। विगत हेर्दा मधेसकेन्द्रितदलहरु एकजुट भएर जाँदा राम्रो नतिजा ल्याएका छन् भने विभाजित भएर जाँदा नराम्ररी पछारिएका छन्।भर्खरै सम्पन्नन भएको स्थानिय तहको निर्वाचनको नतिजाले समेत यसलाई पुष्टी गरि सकेको छ । केही दिन अघिसम्म ओलीको साथमा रहेका लोसपा काँग्रेससँग गठबन्धन गरेको छ भने सत्ता गठबन्धनमा रहेका जसपा प्रतिपक्षि गठबन्धनमा पुगेको छातर यी दलहरुले मधेसकेन्द्रितदलहरुबिचनै गठबन्धन गर्न कुनै आवश्योकता महशुस गरेन्। हिजो जुन पार्टीको प्रतिगामी कदमविरुद्ध मोर्चाबन्दी गरियो, आफ्नो पार्टी फुटाएको आरोप लगाइयो र नागरिकताका विषयमा जसको सोचलाई गलत भनियो , आजै त्यसैसँग घाँटी जोडन पुग्नु लोकतन्त्र र हाम्रो प्रणालीको लागि शुभ होईन् ।

मधेश प्रदेशको आठ जिल्लामा मात्रै प्रतिनिधिसभाको सिट संख्या ३२ रहेको छ। यस कारणले केन्द्रीय सत्ता राजनीतिका लागि निर्णायक थलो मानिन्छ मधेस प्रदेशलाई। विगतदेखिनै मधेसको निर्वाचन परिणाम सबै राजनीतिक शक्तिको लागि महत्वपुर्ण रहँदै आएको छायो प्रदेसमा मात्र मधेसकेन्द्रितदलको प्रभाव रहेको छातर, यसपटक मधेसकेन्द्रित दलहरु विभाजित भएर चुनावमा गएकाले ठुला दलको समेत उत्तिकै प्रभाव रहने निश्चिोत छ।

गत निर्वाचनमा मधेसकेन्द्रित दल मिल्दा ३२ मध्ये १९ सिटमा विजय हाँसिल गरेका थिए। तर, यसपटक भने मधेसका दुई शक्ति जसपा र लोसपा फरक फरक गठबन्धनबाट प्रतिस्पर्धामा उत्रिएका छन्। जसले गर्दा ३२ मध्ये १७ सिटमा मात्रै मधेसकेन्द्रित दलको (गठबन्धनबाट) उम्मेदवारी परेको छ। त्यसमा ४ सिटमा उनीहरुबीचनै मुख्यट प्रतिस्पर्धा छ।

मधेश प्रदेश बाहेकको प्रदेशमा रहेका मधेसकेन्द्रित दलका नेताहरुले पार्टी छोडदा अरु प्रदेशमा मधेसकेन्द्रितदलको प्रभाव लगभग सकिएको छायसलेनै मधेसकेन्द्रित दलहरुको संगठनको अवस्था देखाई सकेको छामधेसकेन्द्रितदलमा आन्तरिक लोकतन्त्रको कमी, परिवारवाद हाबी , जातिवाद र नेतृत्वमा एकल हैकमवाद हाबी हुनाले पछिल्लो समयमा मधेसकेन्द्रित दलका केन्द्रिय नेता देखि स्थानिय कार्यकर्तासम्म दलबदल गरी एमाले र काँग्रेसमा प्रवेश गर्ने क्रम उच्च् बिन्दुमा पुगेको छ। सफल क्रान्ति गरेका मधेसकेन्द्रित दलहरुले व्यवस्थापन गर्न सकेन्। मधेसकेन्द्रितहुनु पर्नेमा मधेसकेन्द्रित दलहरुमा केन्द्रिय सत्ताको स्वार्थ हाबी भयो। संगठन निर्माणमा खासै ध्ययान नदिएका मधेसकेन्द्रित दलहरुले मधेसमा सुशासन समेत कायम गर्न सकेन ।

# भक्तपुर क्षेत्र नं २ का उम्मेदवार थापालाई स्पष्टीकरण



काठमाण्डु । निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि जारी आचारसंहिताको उल्लङ्घन हुने गरी प्रचारप्रसार गरेको विषयमा प्रतिनिधिसभा सदस्यका भक्तपुर क्षेत्र नं २ का उम्मेदवार दुर्लभ थापालाई स्पष्टीकरण सोधेको छ।

थापाले सूर्यविनायक नगरपालिका वडा नं. २, ३, ४ र ६ का चोक र गल्ली र पोलमा आफू उम्मेदवार रहेको नेपाली कांग्रेस दलको झण्डा, फ्लेक्स प्रिन्ट राखेको र सामाजिक सञ्जालमा पोष्ट गरेको कार्य आचारसंहिता विपरीत हुने भएकाले स्पष्टीकरण सोधिएको हो। थापालाई निर्वाचन आयोगमा वा उम्मेदवार रहेको निर्वाचन अधिकृतको कार्यालमा आफै वा आफ्नो प्रतिनिधिमार्फत २४ घन्टाभित्र लिखित स्पष्टीकरण पेस गर्न भनिएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ बमोजिम जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (ज) मा 'कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिकस्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने' व्यवस्था रहेको स्मरण गराउँदै त्यसरी विभिन्न स्थानको बाटो तथा पोलमा दलको झण्डा राखेको देखिएको हुँदा आचारसंहिता विपरीत हुने गरी उक्त कार्य किन गरिएको हो ? भनी सोधिएको छ।

"तपाईं नेपाली कांग्रेस भक्तपुर जिल्ला कार्यसमितिको अध्यक्ष तथा भक्तपुर क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार समेत रहनुभएको हुँदा निर्वाचन आचारसंहिताको पालना गर्ने गराउने जिम्मेवारी तपाईंको हो, होइन ?, स्पष्टीकणमा भनिएको छ, "यदि जिल्ला कार्यसमिति भक्तपुरबाट निर्वाचन आचारसंहिता विपरीत कार्य भएको हो भने तपाईंलाई किन निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा ३ र उपदफा ४ बमोजिमको कारबाही हुनु नपर्ने हो ?"

**वडाध्यक्ष रिजाललाई स्पष्टीकरण**

यसैगरी आयोगले काठमाण्डु महानगरपालिका-१६ का अध्यक्ष मुकुन्द रिजाललाई निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसारमा संलग्न भएकामा २४ घन्टाभित्र स्पष्टीकरण पेस गर्न पत्र पठाएको छ।

वडाध्यक्ष रिजालले काठमाण्डु निर्वाचन क्षेत्र नं ७ मा नेपाली कांग्रेसको प्रचारप्रसारमा संलग्न भएको देखिने सामग्री सामाजिक सञ्जालमा सार्वजनिक गरेको भन्ने उजुरीका आधारमा आयोगले स्पष्टीकरण सोधेको हो।

आचारसंहिताको दफा ५ मा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड 'क' मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रचार वा गर्न नहुने तर स्थानीय कार्यापालिकाका पदाधिकारी आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछ भन्ने व्यवस्था रहेको स्मरण गराइएको छ।

स्पष्टीकरणमा भनिएको छ,"स्थानीय कार्यपालिकाको सदस्य तथा काठमाण्डु महानगरपालिका-१६ को वडाध्यक्षले काठमाण्डु महानगरपालिकाभित्रनेपालीकांग्रेस वा अन्य कुनै राजनीतिक दलको वा दलका उम्मेदवारको निर्वाचन प्रचारप्रसार गरेको अवस्थामा निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने गरी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवारको प्रचारप्रसारमा संलग्न हुनु भएको हो, होइन?"

पत्रमा आफू स्थानीय कार्यपालिकाको सदस्य रहँदा रहँदै काठमाडौं महानगरपालिकाभित्र दलको प्रचारप्रसारमा संलग्न भएको कार्यले निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने हुँदा तपाईंलाई किन निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा ३ बमोजिमको जरिबाना गर्नु नपर्ने हो ? भनी जवाफ माग गरिएको छ।रासस

# 'निर्वाचन सामान्य नभएर देशको भविष्य बनाउने अवसर हो'

झापा । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आसन्न निर्वाचन सामान्य निर्वाचन मात्र नभएर देशको भविष्य बनाउने अवसर भएको बताउनुभएको छ।

झापाको धुलाबारीमा अगुवा कार्यकर्तालाई सम्बोधन गर्दै उहाँले निर्वाचन आयोगले निष्पक्ष ढङ्गले चुनाव गर्नेमा आफू आशावादी भएको उहाँले बताउनुभयो। झुटो आश्वासन दिने र आचारसंहिताको पालना नगर्ने कार्य निर्वाचन आयोगले रोक्नुपर्ने उहाँको भनाइ थियो। साथै उहाँले प्रहरी प्रशासनलाई गैरकानूनी क्रियाकलाप रोक्न आग्रह गर्नुभयो।

उहाँले पार्टीका नेता तथा कार्यकर्तालाई कानूनको पूर्णपालना र आचारसंहिताको ख्याल गर्नका लागि अनुरोध गर्नुभयो। निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनका लागि सबैको भूमिका महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो। रासस

# जनजाति आयोगका सिफारिस न्यून कार्यान्वयन




काठमाण्डु । आदिवासी जनजाति आयोगले सरकारलाई कार्यान्वयनका लागि सिफारिस गरेकामध्ये थोरै विषयमात्र कार्यान्वयन हुने गरेको छ। आयोगले आर्थिक वर्ष २०७७/७८ मा सरकारलाई २२ वटा सिफारिस गरेको थियो । त्यसमध्ये दुईवटा सिफारिसमात्र कार्यान्वयन भएको आयोगका अध्यक्ष रामबहादुर थापामगरले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो । राष्ट्रिय मानवअधिकार आयोगकै पनि १५ प्रतिशतभन्दा बढी सिफारिस सम्बोधन नहुने गरेको उहाँले सुनाउनुभयो।

आयोगले तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९ मार्फत सरकारलाई २८ वटा सिफारिस गरेको छ । प्रतिवेदन गत असोज ३१ गते पत्रमार्फत राष्ट्रपति कार्यालयलाई पठाएपछि बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो।

आयोगले सिन्धुली र रामेछाप जिल्लामा सञ्चालित सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय परियोजना र सुनकोसी-२ जलविद्युत् परियोजना प्रभावित रामेछाप जिल्लाका माझीलगायतका स्थानीय समुदायको गुनासो स्थलगतरूपमा अध्ययन गरी त्यसको व्यवस्थापनका लागि सरकारलाई सिफारिस गरिएको जनाएको छ। सिफारिसमा माझी समुदायको सामाजिक, सांस्कृतिक र धार्मिकस्थलको संरक्षण र उचित मुआब्जालगायत माग सम्बोधन नभएको आयोगको सिफारिसमा उल्लेख छ।

सरोकार भएकासँग छलफल गरी जायज माग सम्बोधन गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ। यस किसिमका विकास निर्माणका काम सञ्चालन गर्दा परियोजना प्रभावित स्थानीय समुदायको स्थानान्तरण गर्नुपर्ने भएमा 'स्वतन्त्र र सुसूचित मञ्जुरी' लिने व्यवस्था गर्न पनि आयोगले सिफारिस गरेको छ।

चितवन राष्ट्रिय निकुञ्जको कुसुमखोला क्षेत्रका चेपाङ बस्तीलगायत आदिवासी जनजातिको घर, टहरा जलाएकामा आयोगबाट अनुगमन गरी प्रतिवेदन तयार गरी विस्थापित परिवारलाई तत्कालीन एवं दीर्घकालीन व्यवस्थापनका सम्बन्धमा गृहमन्त्रीलाई ध्यानाकर्षण गराइएकामा सिफारिस कार्यान्वयन गर्न पुनः माग गरिएको छ । निकुञ्जभित्र परेका बस्तीका सर्वपक्षीय समस्याको दीर्घकालीन समाधान गर्न आवश्यक व्यवस्था गर्न पनि आयोगले सिफारिस गरेको छ।

आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण एवं संवर्द्धनका लागि सङ्घीयस्तरको एक र प्रादेशिकस्तरका सातवटा खुला सङ्ग्रहालय स्थापना तथा सञ्चालन गर्नुपर्नेमा आयोगले सिफारिसमार्फत जोड दिएको छ। सम्बन्धित समुदायका परम्परागत मौलिक गाउँलाई नमूना सांस्कृतिक सम्पदा गाउँको रूपमा संरक्षण र व्यवस्थापन गर्न सम्बन्धित निकायले तत्काल कार्यक्रम आरम्भ गर्न पनि सिफारिस गरिएको छ।

नेपालले सन् २०१० मा अनुमोदन गरेको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धि (२००३) कार्यान्वयन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत आदिवासी जनजाति समुदायका अमूर्त (अभौतिक) सांस्कृतिक सम्पदा युनेस्कोमा सूचीकरण गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्न पनि सिफारिस गरिएको छ । आदिवासी जनजातिको परम्परागत संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्न आवश्यक नीति र कानून निर्माण गरी कार्यान्वयन गर्न पनि आयोगले सिफारिस गरेको छ । यस्ता समुदायमा घरबास (होमस्टे) को व्यवस्था गर्न आयोगले जोड दिएको छ।

गत वर्ष आयोगले बुझाएको प्रतिवेदन ढिला गरी संसद्मा छलफल भएकामा पनि आयोगले असन्तुष्टि व्यक्त गरेको छ । प्रतिवेदन दिएपछि तीन महिनाभित्र संसद्मा छलफल गर्न पनि आयोगले माग गरेको छ । महिलालाई विवाहका आधारमा नभई जन्मका आधारमा आरक्षण दिनुपर्ने आयोगलेसिफारिसगरेकोछ। आयोगमा जनशक्तिको अभाव भएकाले थप दरबन्दीको व्यवस्था गर्नुपर्ने विषयलाई पनि सिफारिसमा राखिएको छ। हाल आयोगमा पदाधिकारी पाँचसहित ३१ जना जनशक्ति रहेको सचिव कृष्ण तिमल्सिनाले जानकारी दिनुभयो । यो जनशक्तिका भरमा आयोगलाई संविधान एवं कानुनले दिएका काम, कर्तव्य र अधिकारको कार्यान्वयनमा असहज भएको उहाँले सुनाउनुभयो।रासस

# प्रत्यक्षतर्फ सत्ताइस प्रतिशत मतपत्र छपाइ

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ आजसम्म एक करोड ३७ हजार मतपत्र छपाइ सम्पन्न भएको छ।

छापिएकामध्ये प्रतिनिधिसभातर्फको मतपत्र ५० लाख १३ हजार र प्रदेशसभातर्फको मतपत्र ५० लाख २४ हजार रहेका छन् । दुवै तहमा गरी कूल आवश्यक पर्ने करिब चार करोड थान मतपत्र आवश्यक पर्ने भएकामा आजसम्म करिब २७ प्रतिशत मतपत्र छपाइ भएको छ।

निर्वाचन आयोगले भक्तपुर स्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा उच्च सुरक्षाप्रबन्धसहितमा मतपत्र छपाइ भइहेको छ। सो प्रणालीअन्तर्गत प्रतिनिधिसभातर्फ सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेलधुरा जिल्लाको पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको मतपत्र छपाइ सम्पन्न भएको छ।

प्रदेशसभाका लागि पनि सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत, बाजुरा, बझाङ, दार्चुला, बैतडी र अछाम जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ बिहीबारदेखि दोस्रो चरणको मतपत्र ढुवानी सुरु हुने आयोगले जनाएको छ। पहिलो चरण अन्तर्गत प्रदेश नं १, मधेश प्रदेश र बागमती प्रदेशका लागि मतपत्र ढुवानी भइसकेको छ। प्रतिनिधिसभातर्फ देशभरका लागि कूल दुई करोड चार लाख २१ हजार र प्रदेशसभातर्फ दुई करोड एक लाख ८४ हजार मतपत्र यसअघि नै छपाइ भइसकेको छ।

आयोगले मतदाता शिक्षाका लागि २२ लाख ४० हजार नमूना मतपत्र छापेर यसअघि नै सम्बन्धित जिल्लामा पठाइसकेको छ।रासस

# औँठा छापसहित स्मार्ट लाइसेन्स परीक्षण गर्ने उपकरण प्रहरीलाई




काठमाण्डु । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सक्कली वा नक्कली परीक्षण गर्ने उपकरण यातायात व्यवस्था विभागको कार्यालयले नेपाल प्रहरीलाई हस्तान्तरण गरेको छ।

नक्कली लाइसेन्सको बिगबिगी तथा यसले निम्त्याउने विभिन्न किसिमका दुर्घटनाको न्यूनीकरणका लागि विभागले आज एक कार्यक्रमकाबीच स्मार्ट लाइसेन्सको परीक्षण उपकरण नेपाल प्रहरीलाई हस्तान्तरण गरेको हो।

विभागका तर्फबाट महानिर्देशक टोकराज पाण्डेयले नेपाल प्रहरीको केन्द्रीय कार्यालयका प्रतिनिधि प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीलाई एक सय ९८ थान स्मार्ट कार्ड रिडर उपकरण हस्तान्तरण गरेको हो।

यातायात व्यवस्था विभागका महानिर्देशक टोकराज पाण्डेयका अनुसार 'स्मार्ट लाइसेन्स' परीक्षण गर्ने उपकरणले सवारी चलाउने चालकले बोकेको अनुमतिपत्र चालक स्वयंकै हो वा होइन भन्ने तत्कालै परीक्षण गर्न सकिन्छ। साथै, उक्त उपकरणमा औँठा छापको परीक्षणसमेतको व्यवस्था रहेको छ।

हालसम्म विभागले २ ९ लाख ५० हजार स्मार्टकार्ड (लाइसेन्स) वितरण गरिसकेको छ । यी सबै लाइसेन्स परीक्षण गर्न मिल्ने उक्त उपकरण सातै प्रदेशमा उपलब्ध गराउने गरी नेपाल प्रहरीलाई वितरण गरिएको पाण्डेले बताउनुभयो।

ट्राफिक प्रहरीको नियमित जाँचका क्रममा नक्कली लाइसेन्स बोक्ने तथा साथीभाइको लाइसेन्सलाई देखाएर हिँड्ने गरेको तथ्याङ्क बढेको छ । यस उपकरणले तत्कालै सो लाइसेन्स कसको हो भन्ने सहजै थाहा पाउन सकिन्छ । यसले दुर्घटना न्यूनीकरणमा समेत सहयोग पुग्नेछ।

यसअघि पनि यातायात व्यवस्था कार्यालयले ४० वटा स्मार्ट कार्ड रिडर उपकरण ट्राफिक प्रहरीलाई हस्तान्तरण गरेको थियो । यसपटक हस्तान्तरण गरेको उपकरणमा औँठाछापको परीक्षणसमेत गर्न सकिने व्यवस्था रहेको छ । यातायात क्षेत्रलाई व्यवस्थित, मर्यादित र प्रविधिमैत्री बनाउने उद्देश्यले उक्त उपकरण हस्तान्तरण गरिएको निर्देशक श्रीचन्द्र साहले बताउनुभयो।रासस

# नगर अधिवेशन स्थगन गरी स्पष्टीकरण पेस गर्न निर्देशन



काठमाण्डु । निर्वाचन आयोगले सर्लाहीको हरि पूर्वा नगरपालिकाका प्रमुख र प्रशासकीय अधिकृतलाई निर्वाचन आचारसंहिताविपरीतका काम गरेको भन्दै स्पटीकरण सोधेको छ।

आयोगले नगरपालिकाले तय गरेको विशेष अधिवेशन स्थगन गरी निर्वाचन आचारसंहिताविपरीत हाल किन अधिवेशन गर्नुपरेको हो भनी दुई दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ।

आयोगले नगरसभा सदस्य र केही पार्टीका तर्फबाट परेको उजुरीका आधारमा निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख) को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको अवस्था नपरी आयोगको सहमतिबेगर वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका नीति तथा योजना ल्याउन नमिल्ने स्मरण गराएको हो।

उक्त नगरपालिकाले असोज १२ गतेका लागि विशेष अधिवेशन आह्वान गरेर गणपूरक सङ्ख्या नपुगेको कारण उक्त मितिमा सञ्चालन हुन नसकी कात्तिक २ गतेका लागि बोलाइएको अधिवेशन हाललाई स्थगन गर्न निर्देशन दिएको हो।

"नेपालको संविधानबमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार नगरकार्यपालिकाले र व्यवस्थापकीय अधिकार नगरसभाले गर्ने विषयमा कुनै दुईमत छैन । यद्यपि निर्वाचनको सम्मुखमा विशेष अधिवेशन बोलाइ नयाँ नीतिगत निर्णय गर्नु निर्वाचन आचारसंहिताको अनुकूल हुँदैन", सो स्पष्टीकरणपत्रमा भनिएको छ।

निर्वाचन आचारसंहिताको दफा ४ मा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्डमामा "कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न नहुने" व्यवस्था रहेको छ।

दफा ५ मा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणअन्तर्गत "वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने, तर, सरुवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको स्वीकृति लिई त्यस्ता कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन", भन्ने व्यवस्था रहेको पत्रमा उल्लेख गरिएको छ।रासस

# आचारसंहिता कार्यान्वयन गर्न दल र उम्मेदवारलाई आयोगको निर्देशन




काठमाण्डु । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न राजनीतिक दल तथा उम्मेदवारलाई सात बुँदे निर्देशन दिएको छ । आयोगले आचारसंहिता उलङ्घन भएमा काबाहीको चेतावनी समेत दिएको छ। मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि जारी आचारसंहिता विपरीतका अन्य व्यवस्थाको उल्लङ्घन भएमा प्रचलित कानून बमोजिम जरिवाना तथा उम्मेदवारी खारेजसम्मको सजाय हुन सक्ने भएकाले राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिताको व्यवस्था आफूले पालना गर्न र अरुसमेतलाई पालना गर्न लगाउन आयोगले निर्देशन दिएको हो।

आयोगका सहायक प्रवक्ता ऋषिराम भुसालले आज प्रेस विज्ञप्ति जारी गरी लाभको पदमा रहेका कतिपय राजनीतिक व्यक्तित्वबाट निर्वाचन प्रचारप्रसारमा सरकारी स्रोत साधन उपयोग गरको, घरदैलो कार्यक्रममा सुरक्षाकर्मीसहित २५ जनाभन्दा बढी सङ्ख्याको जुलुस लिई हिँड्ने, राजनीतिक दलले जुलुस, आमसभा, कोणसभा वा भेला आयोजना गर्ने, अनुमति नलिई निर्वाचन प्रचारप्रसारका लागि सवारी साधन प्रयोग गर्ने समेतका गतिविधि भएको भन्ने सूचना आएकाले उक्त निर्देशन दिइएको जनाउनुभएको छ।

आयोगले आचारसंहिताको दफा ५ मा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा प्रचार प्रसार गर्न बाहेक निर्वाचन आयोगको सहमति नलिई अन्यत्र कुनै दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नपाइने समेत स्पष्ट गरेको छ। प्रचार प्रसार गर्दा सरकारी स्रोत साधनको प्रयोग गर्न नपाइने व्यवस्था रहेको सन्दर्भमा सङ्घीय वा प्रदेश सरकारका मन्त्री उम्मेदवार भएको भए आफू उम्मेदवार भएको निर्वाचन क्षेत्रसम्म निर्वाचन आचारसंहिताको प्रतिकूल नहुने गरी प्रचार प्रसार गर्ने, प्रचार प्रसारमा सरकारी साधन स्रोत तथा जनशक्तिको उपयोग नगर्ने, सरकारी कामको सिलसिलामा यात्रा गर्दा बाहेक निर्वाचन प्रचार प्रसारको लागि आफ्नो निर्वाचन क्षेत्रतर्फ जाँदा समेत सरकारी साधन स्रोतको उपयोग नगर्ने तथा आफू उम्मेदवार नभएको क्षेत्रमा आयोगको अनुमति लिई प्रचार प्रसार गर्न जाँदासमेत उल्लेखित व्यवस्थाको पालना गर्न आयोगले निर्देशन दिएको छ।

आचारसंहिताको दफा ५ बमोजिम स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहमा निर्वाचन प्रचार प्रसार नगर्ने र सो नियमको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (४) बमोजिम अन्य स्थानीय तहमा निर्वाचन प्रचार प्रसार गर्दा तथा प्रचार प्रसारका लागि जाँदा वा आउँदासमेत सरकारी साधन स्रोत तथा जनशक्ति उपयोग नगर्न पनि निर्देशन दिइएको छ।

दफा १३ मा मतदान हुने दिन भन्दा सत्र दिन अघिदेखि मात्र जुलुस, आमसभा, कोणसभा गर्न वा सञ्चारमाध्यममा कुनै प्रकारको प्रचार प्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न पाइने व्यवस्था भएकाले सो अवधि (२०७९ कात्तिक १७) गतेभन्दा अघि कुनै पनि राजनीतिक दल तथा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा जस्ता कार्यक्रम तथा सञ्चारमाध्यमबाट कुनै प्रकारको प्रचार प्रसार सामग्री प्रकाशन वा प्रसारण नगर्न आयोगले भनेको छ। दफा १३ मा निर्वाचन प्रचार प्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित पच्चीस जनाभन्दा बढीको जुलुस लिएर जान नहुने, यसरी जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुनेसमेतको व्यवस्था भएकाले सबै राजनीतिक दलले सो व्यवस्थाको पालना गर्ने तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले त्यस्तो कार्यक्रममा सरकारी साधनस्रोत तथा जनशक्तिको उपयोग नगर्न निर्देशन दिइएको छ।

दफा १३ मा निर्वाचन प्रसार प्रसारको लागि आयोगले अनुमति दिएको सवारी साधन मात्र प्रयोग गर्न पाउने व्यवस्था रहेकाले सबै राजनीतिक दल तथा उम्मेदवारले आयोगले तोके बमोजिम अनुमति लिएर मात्र निर्वाचन प्रसार प्रसारको लागि सवारी साधन प्रयोग गर्ने, निर्वाचन प्रचार प्रसारको लागि अनुमति लिएका सवारी साधनबाहेक अन्य सवारी साधनमा दलको वा निर्वाचन चिन्ह अंकित झण्डा प्रयोग नगर्न पनि निर्देशन दिइएको छ। दफा १३ को उपदफा (१) को खण्ड (ज) मा कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकको पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने व्यवस्था रहेको तथा सोही दफाको उपदफा (२) मा त्यस्तो सामग्री राखेको वा टाँसेको भएमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले नै राखेको मानी कारबाही हुने व्यवस्था रहेको आयोगले स्मरण गराएको छ।रासस

# राष्ट्रसंघका महासचिवद्वारा निन्दा



**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले हालैमात्र संयुक्त राष्ट्रसङ्घीय शान्ति सैनिकमाथि मालीमा भएको हमला र हत्याको निन्दा गर्नुभएको छ।

मालीमा रहेको संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनका सदस्यमाथि गत सोमबार हमला भएको थियो । गस्तीमा रहेका उनीहरुमाथि भएको बम हमलामा परेर कम्तीमा पनि चार जना क्यानाडेली सेनाको ज्यान गएको थियो।

त्यसैगरी सो हमलामा परेर अरु केही सैनिक घाइते भएका थिए । उहाँले मङ्गलबार प्रकाशन गर्नुभएको विज्ञप्तिमा सो कुराको जानकारी दिइएको छ।

साथै सो विज्ञप्तिमा यसरी शान्ति स्थापनाका लागि खटेका सेनामाथि हमला गर्नु र हत्या गर्नु अन्तर्राष्ट्रिय युद्ध अपराध अन्तर्गत पर्ने र यस्ता व्यक्तिलाई कडा भन्दा कडा कारबाही गरेर उनीहरुलाई कानुनी उपचारको दायरामा ल्याउनुपर्नेमा पनि जोड दिनुभएको छ।

महासचिव गुटरेसले संयुक्त राष्ट्रसङ्घ जहिले पनि शान्तिको पक्षमा रहेको भन्दै यस्तो अवस्थामा संयुक्त राष्ट्रसङ्घले मालीका नागरिक र उनीहरुको शान्तिको चाहनाको पक्षमा रहेको स्पष्ट गर्नुभयो। उहाँले मालीमा हिंसा मच्चाइरहेका सबै सदस्यहरुलाई हिंसाका बाटो छोडेर शान्तिपूर्ण मार्गमा लाग्न आग्रह गर्दै मालीको सरकारले शान्तिपूर्ण वार्ताका लागि वातावरण बनाउनुपर्ने पनि जोड दिनुभएको छ।

यसअघि राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले गत सोमबार मालीमा राष्ट्रसङ्घीय शान्ति सेनामाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेको छ।

परिषद्ले एक प्रेस विज्ञप्ति जारी गर्दै सुरक्षा परिषद्का सदस्य राष्ट्रले पीडित परिवारका साथै चाडप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गरेका छन् । साथै उनीहरूले घाइतेको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गरेका छन्।

परिषद्का सदस्य राष्ट्रले मालीको सङ्क्रमणकालीन सरकारलाई आक्रमणको तुरुन्त अनुसन्धान थाल्न, दोषीलाई न्यायको दायरामा ल्याएर जवाफदेही शासन व्यवस्था प्रवर्द्धन गर्न र सम्बन्धित सेना योगदान गर्ने देशलाईप्रगतिबारे जानकारी दिन आग्रह गरेका छन्।

शान्ति सेनालाई लक्षित गरी आक्रमण गर्दा अन्तर्राष्ट्रिय कानून अन्तर्गत युद्ध अपराध हुनसक्ने, सबै प्रकारका आतङ्कवाद अन्तरराष्ट्रिय शान्ति-सुरक्षाका लागि सबैभन्दा गम्भीर चुनौती भएकामा जोड दिँदै परिषद्ले मालीको सुरक्षास्थितिबारे पनि चासो एवम् चिन्ता व्यक्त गरेका छन्।

## महासचिव गुटेरेस भारतमा

**सिन्ह्वा**

नयाँदिल्ली । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस दुई दिने औपचारिक भ्रमणका क्रममा बुधबार राति भारत आइपुग्नु भएको विदेश मन्त्रालयका एक अधिकारीले बुधबार बताएका छन्।

महासचिव गुटरेशलाई छत्रपति शिवाजी अन्तर्राष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजलगायत अन्य अधिकारीले स्वागत गर्नु भएको थियो।

जनवरी २०२२ मा आफ्नो दोस्रो कार्यकाल सुरु गरेपछि गुटेरेसको यो पहिलो भारत भ्रमण हो। उहाँले यसअघि अक्टोबर २०१८ मा पनि भारत भ्रमण गर्नु भएको थियो।

भ्रमणको क्रममा महासचिव बिहीबार 'मिसन लाइफ' (पर्यावरणका लागि जीवन शैली) पुस्तिका, लोगो र 'ट्यागलाइन'को विमोचन कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदीसँग सामेल सहभागी हुनुहुनेछ।

विदेशमन्त्री सुब्रमन्यम जयशङ्करले महासचिव गुटरेससँग विश्वव्यापी चासोका मुद्दाका साथै संयुक्त राष्ट्रसङ्गसँग भारतको संलग्नतालाई अझ प्रगाढ बनाउने विषयमा छलफल गर्नुहुनेछ।

# उत्साहित खेलाडी, न्यून दर्शक

पोखरा । 'एकताबद्ध देश, खेलकुदको सन्देश' भन्ने नाराका साथ यतिबेला पोखरा रङ्गशालामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता भइरहेको छ । यो खेलप्रेमीका लागि एउटा उत्सव हो । अहिले कास्कीलगायत गण्डकी प्रदेशका आठ जिल्लामा विभिन्न ३६ खेलमा छ हजार बढी खेलाडी मैदानमा उत्रेर आफ्नो खेल प्रदर्शन गरिरहका छन् । यद्यपि खेलाडीले पर्याप्त दर्शकको साथ भने पाउन सकेका छैनन्।

पर्यटकीय राजधानी पोखराको खेल मैदानमा माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खलामा आँखा जुँधाएर खेल्न पाउँदा खेलाडी जति उत्साहित छन् त्यति नै दर्शकको गर्बिलो उपस्थिति हुन नसक्दा खेलाडी आफ्नो प्रस्तुतिमा उत्साहित बन्न सकेका छैनन् । लमजुङका टेबलटेनिस खेलाडी प्रितम गुरुङले पहिलोपटक राष्ट्रिय खेलमा भाग लिनुभएको बताउनुभयो । "म पहिलोपटक राष्ट्रिय खेलमा भाग लिन पाउँदा उत्साहित छु, टेनिस डबलमा तेस्रो स्थान हासिल गर्न सफल भयौं, तर खेलमा दर्शकको उपस्थिति भने निकै न्यून छ", उहाँले भन्नुभयो, "खेलाडीलाई उत्साह थप्ने नै दर्शकको साथ, माया र हुटिङले हो तर, सोचेजस्तो दर्शकको उपस्थिति देखिएन।"

खेलप्रतिको क्रेज बढ्दै गइरहेको सन्दर्भमा दर्शकको उपस्थिति पनि महत्वपूर्ण हुने र दर्शकको न्यून उपस्थिति हुनुमा व्यवस्थापकीय कमजोरी हुनसक्ने उहाँको बुझाइ छ । महिला क्रिकेटको राम्रो सम्भावना रहे पनि खेलाडीलाई उत्साह थप्ने दर्शकको साथ भने रङ्गशालाको क्रिकेट मैदानमा देखिएन । खेलाडी आफैं चिच्याएर उत्साह थपिरहेका थिए, मैदान वरिपरि दर्शकको उपस्थिति थिएन।

महिला क्रिकेट खेलकुद प्रतियोगिताका संयोजक सञ्जयकान्त सिग्देलले क्रिकेट खेलमा दर्शकको कमजोर उपस्थिति हुनुमा व्यवस्थापकीय कमजोरी भएको स्वीकार्नुहुन्छ । "हामीबाट कमजोरी भएका छन्, यसअघिका प्रतियोगिता हेर्न आउने दर्शकलाई समेत हामीले ल्याउन सकेनौं, त्यसका विभिन्न कारण हुन सक्छन्।"

दर्शकका लागि 'प्यारापिट' बनाउन नसक्नु र राष्ट्रिय खेलमा धेरै 'इभेन्ट' हुनु र दर्शकमा विकल्प खुला भएकाले पनि दर्शक पाउन नसकिएको उहाँको भनाइ छ । "खेलका धेरै विकल्प भए यति शून्य हुन्छ भन्ने लागेको थिएन", उहाँले भन्नुभयो, "यसलाई शिक्षाका रूपमा लिएर आगामी प्रतियोगितामा क्रिकेटप्रेमी दर्शकको उपस्थिति बढाउन पहल गर्नेछौं।" उहाँले पर्वत बागलुङसँगै केही जिल्लाका महिला खेलाडी आएरसमेत खेल हेरेको बताउँदै यसलाई भने सकारात्मक पक्षका रूपमा लिनुपर्ने बताउनुभयो।

तनहुँबाट राष्ट्रिय खेलमा पहिलोपटकट सहभागिता जनाउनुभएकी ब्याटमिन्टन खेलाडी दिलाशा

नवौं राष्ट्रिय खेलकुद-२०७९

पोखरा, गण्डकी प्रदेश

रानाले सोचेजस्तो दर्शकको उपस्थिति हुन नसकेको बताउनुहुन्छ। सिङ्गल ब्याटमिन्टनमा पराजित हुन पुगे पनि अब डबल, मिक्स डबल खेलमा आफ्नो उत्कृष्ट प्रदर्शन गर्न आतुर हुनुहुन्छ । रानाले एकैचोटी विभिन्न खेल हुँदा कुनै कुनै खेलमा दर्शकको कमजोर उपस्थिति भएको हुनसक्ने बताउनुहुन्छ । "दर्शकको एउटै रोजाइँ हुन्न, जुन खेलमा रुचि राख्नुहुन्छ, त्यतै जानुहुन्छ अहिले धेरै खेल भइरहेका छन्", उहाँले भन्नुभयो।

खेलप्रति दर्शको क्रेज बढाउन खेलाडी स्वयं र आयोजकको पनि दायित्वसँगै प्रचार-प्रसार पनि अपरिहार्य हुने उहाँको भनाइ छ। ह्याण्ड बलतर्फ स्वर्ण पदक जित्न सफल गण्डकी प्रदेशका खेलाडी विशाल बस्नेतले अरु खेलमा भन्दा ह्याण्डमा आफूहरूले दर्शकको साथ राम्रै पाएको प्रतिक्रिया दिनुभयो । झण्डै दुई दर्जन बढी अन्तर्राष्ट्रिय खेलमैदानमा पुगेर खेलकुदको रिपोर्टिङ गरेको अनुभव सङ्गाल्नुभएका एसियाली खेलकुद पत्रकार महासङ्घका कोषाध्यक्ष एवं बिबीसी नेपाली सेवाका खेलकुद पत्रकार नीरञ्जन राजवंशी खेलकुदको कुम्भमेलालाई आयोजकले थप व्यवस्थित र प्रचारात्मक गतिविधि गर्न चुकेको बताउनुहुन्छ।

उपराष्ट्रपति नन्दबहादुर पुनको समुपस्थितिमा भएको नवौं राष्ट्रिय खेलको औपचारिक उद्घाटन समारोहमासमेत प्यारापिट खाली देखिनु नै कमजोर व्यवस्थापनको नजिता भएको उहाँले बताउनुभयो । "खेलले सिटी चिनाउँछ, खेलाडीको मनोबल उच्च बनाउने दर्शकको उपस्थिति निकै महत्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो, "यद्यपि गण्डकीमा भएको खेलमा खेलाडी उत्साह लिएर खेले पनि दर्शकको साथ सोचेजस्तो पाएनन्।"

राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले खेलप्रेमी भएको पोखरामा दर्शकको उपस्थिति कमजोर हुनुमा होस्ट गरेको गण्डकी प्रदेश र आयोजकबाट व्यवस्थापकीय कमी कमजोरी रहेको बताउनुहुन्छ । "पोखरा खेल पर्यटनको सहर पनि हो, यहाँ धेरै इभेन्ट हुँदै आएका छन् र उस्तै मात्रामा खेलप्रेमी दर्शक पनि छन्", उहाँले भन्नुभयो, "खेलाडी उत्साह देखिएको यस प्रदेशमा दर्शकको उत्साहमा कमी देखियो।"

राष्ट्रिय खेलकुद परिषद् गण्डकी प्रदेशका सदस्यसचिव धनश्याम पौडेलले दर्शकको उपस्थिति कम हुनुमा हरेक खेलको प्रत्यक्ष प्रसारण भएकाले र अर्कोतर्फ कोरोना र डेङ्गुका कारण पनि भिडमा मान्छेको रुचि कम भएको हुनसक्ने बताउनुहुन्छ। "हामीले प्रचार-प्रसारका लागि वडा तहदेखिनै गरेका थियौं, अहिले भीडभाडभन्दा घरमै बसेर खेलको प्रत्यक्ष प्रसारण हेर्न मिल्ने भएकाले पनि दर्शकको उपस्थिति कमी भएको हो कि भन्ने हामीले अनुमान गरेका छौं", उहाँले भन्नुभयो । खेलाडीका लागि प्रत्यक्ष दर्शकको उपस्थितिले नै ऊर्जा थप्ने भएकाले यस विषयमा गम्भीर समीक्षा गरेर आगामी खेलमा दर्शकको उपस्थित बढाउने रणनीतिमा तय गर्न सकिने उहाँको भनाइ छ।

झण्डै चार दशकपछि पोखराको खेलमैदानमा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३६ खेलमा १० खेल गण्डकी प्रदेशका आठ जिल्लामा र २६ खेल पोखराका खेलमैदानमा जारी छन् । ११ टिमका छ हजार एक सय ५७ खेलाडीमा चार हजार पाँच सय बढी खेलाडी भने पोखराको खेलमैदानमा छन् ।रासस

# 'दिल्ली-काठमाण्डु सम्बन्धको आधार : जनस्तरको सुदृढ सम्बन्ध'

**एएनआई**

नयाँदिल्ली । भारतका लागि नेपालका राजदूत डा शङ्करप्रसाद शर्माले नेपाल र भारतबीचको सम्बन्धको आधार दुई देशका जनताबीचको सुदृढ सम्बन्ध हो भन्नुभएको छ।

बुधबार दीपावली उत्सवका अवसरमा नयाँदिल्लीमा आयोजित कार्यक्रममा उहाँले नेपाल-भारतबीचको जनस्तरको सम्बन्ध कहिल्यै नटुट्ने बताउनुभयो।

भारत र नेपालबीचको सम्बन्धलाई सुमधुर बनाउन तथा दुवै देशका जनताबीचको सहकार्य र साझेदारीलाई प्रवर्द्धन गर्दै उनीहरूलाई स्नेहको सूत्रमा जोड्ने विषयलाई उच्च प्राथमिकतामा राख्दै राजदूत शर्माले जनता-जनता, सभ्यता र धर्मको सम्बन्ध कहिल्यै पनि टुट्न नसक्ने, देशमा भिन्नता भए पनि जनतासँगको सम्बन्ध निरन्तर रहने बताउँदै नेपाल-भारत सम्बन्धलाई थप सुदृढ तुल्याउन दुवै देश लाग्नुपर्नेमा जोड दिनुभयो।



जनता-जनताबीचको सम्बन्ध बलियो हुँदा नै नेपाल-भारत सम्बन्ध दिगो हुने बताउँदै राजदूत शर्माले वर्तमान समयमा व्यापार, लगानी र पर्यटनलगायत क्षेत्रबाटै आर्थिक विकासका लक्ष्य हासिल हुनसक्ने यथार्थ प्रस्तुत गर्नुभयो।

उहाँले दुवै देशका प्रधानमन्त्रीबाट नयाँदिल्ली र काठमाण्डुको भ्रमणपछिका छ महिनामा आर्थिक विकासका निम्ति काम भइरहेको बताउनुभयो।

# चाडका दश लाख बाढी पीडितलाई मानवीय सहयोग

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घ र मानवीय सहायता साझेदारहरूले बाढीबाट प्रभावित भएका चाडका १० लाखभन्दा बढी नागरिकका लागि सहायता सामग्री उपलब्ध गराउने प्रयासलाई तीव्र गतिमा अघि बढाएका छन्।

राष्ट्रसङ्घका प्रवक्ताका अनुसार देशको दक्षिणी भाग सबैभन्दा बढी प्रभावित भएको छ । बाढीबाट सिलालगायत केही पूर्वी प्रान्तमा पनि असर पुगेको नदीनाला खतराको सीमाभन्दा माथिबाट बगेका छन्। देशका २३ मध्ये १८ प्रान्त बाढीको चपेटामा परेका छन्।

राष्ट्रसङ्घ र उसका मानवीय साझेदारले चाड सरकारसँगको सहयोग र समन्वयमा करिब दुई लाख मानिसलाई खाना, औषधि, त्रिपाल, लामखुट्टे धपाउने धुप, सौर्य बत्ती र अन्य सामग्री उपलब्ध गराएका तथा थप सहायता सामग्री अन्य बाढीपीडितमाझ पुऱ्याउन स्रोत परिचालनका प्रयासहरू बढाइएकोमहासचिव एन्टोनियो गुटेरेसका मुख्य प्रवक्ता स्टेफेन डुजारिकले बताएका छन्।

बढ्दो पानीको सतहले राजधानी एनजामेनाका साथै आसपासका क्षेत्र पूर्णरूपमा डुबेकाले सर्वसाधारण आफ्नो घर छोड्न बाध्य भएका छन्। सहायता सामग्री पुऱ्याउन पनि कठिनाइ भएको छ । गत असारदेखिको भारी वर्षाले चाडलाई जलमग्न पारेको छ।

प्रवक्ता डुजारिकका अनुसार बाढीविरुद्धको प्रतिकार्यका निम्ति चाडलाई सहयोग गर्न राष्ट्रसङ्घले केन्द्रीय आपत्कालीन कोषबाट गत महिना ६० लाख अमेरिकी डलर छुट्याएको थियो।

# बालबालिकामा कूपोषणको समस्या

**सिन्ह्वा**

मोगादिस। संयुक्त राष्ट्रसङ्घीय बालकोषले सोमालियाका बालबालिकामा कुपोषणको समस्या अझै बढ्नसक्ने जनाएको छ।

बालकोषले सोमालिया तथा अन्य देशका सरकारलाई पनि सोमालियामा बढ्दो मात्रामा देखिएको कूपोषणले झनै भयावह रुप पनि लिन सक्ने बताइएको छ।

सोमालियामा विगत निकै लामो समयदेखि कुपोषणको शिकार रहेको र आगामी वर्षदेखि यहाँको यो समस्याले थप विस्तारित रुप लिएको बताइएको छ। युनिसेफले पछिल्ला वर्षहरुमा सोमालियमा कुपोषणबाट मृत्य हुने बालबालिकाको समस्या बढेकाले आगामी दिनमा यस विषयमा सोच्नुपर्नेमा जोड दिएको छ।

यहाँका बालबालिकामा पछिल्लो समयमा कुपोषणको समस्या देखिन थालेको र यसबाट मृत्यु हुनेको संख्या पनि दिनप्रतिदिन बढ्दै गएको पाइएको पनि युनिसेफले जनाएको छ।

बालकोषका अनुसार गत मे देखि आजसम्म कम्तीमा ४४ हजार बालबालिका बिरामी भएर अस्पताल भर्ना भएका र तीमध्ये अधिकांश कुपोषणको शिकार भएका छन्।

# लस्कर-ए-तैबाका सदस्यलाई आतङ्कवादी घोषणा गर्ने प्रस्ताव चीनद्वारा अस्वीकार

**एएनआई**

न्यूयोर्क । चीनले लस्कर-ए-तैबा (एलइटी)का सदस्यलाई विश्व आतङ्कवादी घोषणा गर्ने भारत र अमेरिकाको प्रस्तावप्रति असहमति जनाएको छ।

भारत र अमेरिकाको सहयोगमा पाकिस्तानस्थित उक्त समूहका सदस्य शाहिद महमूदलाई विश्व आतङ्कवादीका रूपमा सूचीकृत गर्न संयुक्त राष्ट्रसङ्घमा प्रस्तुत प्रस्तावलाई चीनले अस्वीकार गरेको हो। यसअघि पनि तीनपटक प्रस्तुत भइसकेको उक्त प्रस्तावको विपक्षमा चीन उभिएको थियो।

अमेरिका र भारतले बुधवार महमुदलाई राष्ट्रसङ्घीय सुरक्षा परिषद्को १२६७ अल-कायदा प्रतिबन्ध समितिअन्तर्गत वैश्विक आतङ्ककारीका रूपमा कालोसूचीमा राख्ने प्रस्ताव पेश गरेका थिए । एलइटीका सदस्य साजिद मीर, एलईटी र जमात-उद-दावाका नेता अब्दुल रहमान मक्की र अब्दुल रउफलाई आतङ्कवादीमा सूचीकृत गर्ने प्रस्ताव गरिएको थियो।

यसअघि पनि चीनले साजिद मीरलाई विश्व आतङ्कवादी घोषणा गर्ने प्रस्तावलाई अस्वीकार गरेको थियो एलइटीका शीर्ष 'कमाण्डर' हुन्। उनी सन् २००८ को मुम्बईमा भएको आतङ्कवादी हमलाका मुख्य योजनाकार मध्येका एक हुन्। मीर भारत र पश्चिमी देशलगायत धेरै देशका नागरिकहरूको मृत्युका निम्ति जिम्मेवार मानिन्छन्।

सन् २००८ को नोभेम्बर २६ मा एलइटीका १० जना आतङ्वादी समुद्रीमार्गबाट मुम्बइ पुगेका थिए । उनीहरूले ताज मुम्बइ होटलमा आक्रमण गर्दा १८ जना सुरक्षाकर्मीसहित एक सय ६६ जनाको ज्यान गएको थियो । आतङ्कवादीले तीन दिनसम्म होटलमा बसेकाहरूलाई बन्दी बनाएका थिए।

# बेलायतको मुद्रास्फीति १०.१ प्रतिशतले वृद्धि

**सिन्ह्वा**

लण्डन। बेलायतको उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) सन् २०२२ को सेप्टेम्बरसम्मको १२ महिनामा १०.१ प्रतिशतले वृद्धि भएको छ।

यो अगस्टमा ९.९ प्रतिशत थियो भने अहिले जुलाईको पछिल्लो उच्च विन्दुमा फर्किएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस)का अनुसार मासिक आधारमा हेर्दा सीपीआई अगस्टको तुलनामा सेप्टेम्बरमा ०.५ प्रतिशतले बढेको छ।

ओएनएसका आर्थिक तथ्याङ्क निर्देशक डारेन मोर्गनले भन्नुभयो, 'गत महिनाको सामान्य गिरावटपछि प्रमुख सेवाहरूको मुद्रास्फीति बर्षा ऋतुको सुरुमा देखिएको उच्च स्तरमा फर्किएको छ।'

उहाँले भन्नुभयो, 'खाद्य पदार्थमा थप वृद्धिका कारण यो वृद्धि भएको हो, जसले ४० वर्षयताकै सबैभन्दा ठूलो वार्षिक वृद्धि देखेको छ, जबकि होटलको मूल्य पनि गत वर्ष यसको यसै समयमा सामान्य घटेपनि अहिले बढेको छ। सेप्टेम्बरसम्म १२ महिनामा खाद्य र अल्कोहलरहित पेय पदार्थको मूल्य १४.६ प्रतिशतले बढेको छ, जुन ४२ वर्षको उच्च बिन्दुमा पुगेको छ,' ओएनएसको रिपोर्टमा भनिएको छ।

सबैभन्दा ठूलो वृद्धि प्रभाव पाउरोटी र खाद्यान्न, मासुजन्य उत्पादन, दूध, चीज र अण्डाबाट आएको छ। ओएनएसका अनुसार मोटर ईन्धनको मूल्यमा निरन्तर गिरावटले मुद्रास्फीतिमा सबैभन्दा ठूलो योगदान गरेको छ। 'सेप्टेम्बरको उपभोक्ता मूल्यको तथ्याङ्कले केन्द्रीय बैंक, बैंक अफ इङ्ल्याण्ड (बीओई) मा बढ्दो मन्दीको बावजुद नोभेम्बर ३ मा हुने यसको अर्को बैठकमा ब्याज दरमा उल्लेखनीय वृद्धि गर्न दबाब कायम राखेको छ,' प्यान्थियन म्याक्रोइकोनोमिक्सका प्रमुख बेलायती अर्थशास्त्री स्यामुयल टम्ब्सले बताउनुभयो।

सेप्टेम्बरको अन्त्यमा, बीओईले मुद्रास्फीतिको सामना गर्न आफ्नो मानक ब्याज दरमा वृद्धि गरी २.२५ प्रतिशत कायम गरेको थियो।

# दक्षिण कोरियामा कोभिड-१९ सङ्क्रमण घट्दोक्रममा

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा २४ घण्टाअघिको तुलनामा मङ्गलबार मध्यरातसम्म २९ हजार पाँच सय तीन कोभिड-१९ नयाँ सङ्क्रमित देखिएका छन्।

हाल कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ५१ लाख ९४ हजार एक सय ७७ पुगेको स्वास्थ्य अधिकारीले बुधबार जानकारी दिएका छन्।


कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)का अनुसार अघिल्लो दिन ३३ हजार दुई सय ४८ को तुलनामा मङ्गलबार केही कमी अर्थात २९ हजार पाँच सय तीन सङ्क्रमित भएका छन्। गत हप्ताको पुष्टि भएका केसको दैनिक औसत सङ्ख्या २४ हजार ८६ थियो। नयाँ केसमध्ये, ७२ विदेशबाट आयात भएका छन्।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा चारले घटेर दुई सय ४३ पुगेको छ।

कोभिडका कारण थप ४३ जनाको मृत्यु भएपछि देशमा कुल मृतकको सङ्ख्या २८ हजार आठ सय ९९ पुगेको जनाइएको छ । कुल मृत्यु दर ०.११ प्रतिशत छ।

# टोप्लीले पनि टि२० विश्वकप गुमाउने

एजेन्सी - इंग्ल्यान्डका तीव्र गतिका बलर रिस टोप्लीले पनि टि२० विश्वकप गुमाउने भएका छन् । अष्ट्रेलियामा जारी टि२० विश्वकपमा इंग्ल्यान्डका टोप्ली उनको बायाँ खट्टाको लिगामेन्टमा चोटका कारण बाहिरिनु परेको इंग्ल्यान्ड क्रिकेट बोर्डले जनाएको हो । विश्वकपको प्रमुख दाबेदार इंग्ल्यान्डलाई ठूलो धक्का लागेको छ।



चोटका कारण विश्वकप गुमाउने उनी जोनी बेयरस्टो र जेसन रोयपछिका तेस्रो खेलाडी हुन् । टोप्लीले पछिल्लो समय इंग्ल्यान्डबाट सानदार प्रदर्शन गरेका थिए । टोप्लीले २२ टि२० आई र २० ओडिआई खेल खेलेका छन् । टि२० आईमा २२ विकेट लिएका छन् । ओडिआईमा उनले भारतविरुद्ध जुलाईमा एकै खेलमा ६ विकेट लिएका थिए।

टोप्लीको स्थानमा इंग्ल्यान्डले तीव्र गतिका बलर टाइमल्स मिल्सलाई टोलीमा मौका दिएको छ । इंग्ल्यान्डको तीव्र गतिको बलरमा मार्क वुड, डेविड विल्ली, क्रिस वोक्स, साम करन, डेविड विल्ली र टाइमल्स मिल्स रहनेछन् । जोफ्रा आर्चर भने चोटका कारण लामो समय देखि मैदान बाहिर छन्।

इंग्ल्यान्डले सुपर १२ को पहिलो खेलमा शनिबार अफगानिस्तानसँग खेल्नेछ। २८ फेब्रुअरीमा अष्ट्रेलिया र नोभेम्बर १ मा न्युजिल्यान्डसँग खेल्नेछ । यी तीन खेलको नतिजाले धेरै महत्वपूर्ण राख्नेछ । इंग्ल्यान्डले पहिलो चरणबाट आउने दुई टोलीसँग पनि खेल्नेछ।

विश्वकपमा इंग्ल्यान्ड सुपर १२ को समूह १ मा छ। इंग्ल्यान्ड, अष्ट्रेलिया, न्युजिल्यान्ड, अफगानिस्तान र पहिलो चरणबाट आउने दुई टोली हुनेछन्।

इंग्ल्यान्डले २२ अक्टोबरमा अफगानिस्तानसँग खेल्दै सुरुवात गर्नेछ । टि२० विश्वकप अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म हुनेछ। इंग्ल्यान्ड उपाधिको दाबेदार हो।

**इंग्ल्यान्डको टि२० विश्वकप खेल्ने टोली :**

जस बटलर (कप्तान) मोईन अली, एलेक्स हेल्स, ह्यारी ब्रुक, साम करन, क्रिस जोर्डन, लियाम लिभिङस्टोन, डेविड मलान, आदिल राशिद, फिलिप साल्ट, बेन स्टोक्स, टाइमल मिल्स, डेविड विल्ली, क्रिस वोक्स र मार्क वुड।



**तिहारका लागि माटाको भाडाकुडा बेच्दै व्यापारी** : तिहार नजिकँदै गर्दा महोत्तरीको जलेश्वरमा माटाका भाँडाकुँडा बेच्दै व्यापारी। *तस्विर : रासस*

# काट्ने बेलाको धान गैँडाले पाऱ्यो नष्ट



भरतपुर । काट्न तयारी अवस्थामा रहेको धानबालीमा गैँडा पसेर नष्ट गरिदिएको छ। चितवनको माडी नगरपालिका वडा नम्वर १ र २ का विभिन्न क्षेत्रमा किसानले लगाएको धानबाली गैँडाले नष्ट गरिदिएको हो।

वडा नम्बर १ सेरुवाकी किसान गीता महतोले काट्ने तयारीमा रहेको धान गैँडाले नष्ट गरिदिएपछि यो बर्ष के खाने भन्ने चिन्ता थपिएको बताउनुभयो । उहाँले बर्सेनि निकुञ्जबाट आउने वन्यजन्तुका कारण बाली पूरै भित्र्याउन नपाइने गरेको गुनासो गर्नुभयो।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रअन्तर्गतको पाँचपाण्डव उपभोक्ता समितिका कार्यालय सचिव जगनारायण बोटले यस वर्ष गैँडाले धानमा धेरै क्षति पुऱ्याएको बताउनुभयो।



उहाँले कार्यालयमा दैनिकजसो किसान क्षतिको विवरण बुझाउन निवेदन लिएर आइरहेको जानकारी दिनुभयो । भैरवपुर, सेरुवा र गर्दी क्षेत्रमा गैँडा र हात्तीसँगै बँदेल र चित्तलले पनि दुःख दिइरहेको बोटले बताउनुभयो।

माडी नगरपालिकाकी प्रमुख ताराकुमारी काजी महतोले माडीमा वन्यजन्तुबाट हुने बालीको क्षति झन बढ्दो क्रममा रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पाँचपाण्डवदेखि बगईसम्मका निकुञ्जको सीमा क्षेत्रमा दैनिकजसो वन्यजन्तुले धनजनको गरिरहेको छ, सधैँ त्रासमा बस्नुपर्ने बाध्यता छ ।" मानव वन्यजन्तुको द्वन्द्व न्यूनीकरणका लागि योजनाबद्ध काम हुन नसक्दा दैनिकजसो वन्यजन्तुको समस्या आउने गरेको उहाँले बताउनुभयो । "मेस जालीसहितको व्यवस्थित आरसीसी वाल निर्माण नगरेसम्म दैनिकजसो यस्तै समस्या आउँछ, हामी जनप्रनिनिधिले पनि ढुक्कले निदाउने अवस्था छैन", उहाँले भन्नुभयो।

नगरपालिकाको थोरै बजेटले अति आवश्यकताका आधारमा मात्रै काम गर्ने गरेको प्रमुख महतोले बताउनुभयो । किसानका लागि निकुञ्जले दिने राहत न्यून भएको भन्दै उहाँले एउटै हात्तीले एकै रातमा बिघौँ जग्गा नष्ट गर्ने गरेको बताउनुभयो। "निकुञ्जले प्रदान गर्ने जम्मा रु १० हजारले किसानको बीउको मूल्य पनि उठ्दैन, उहाँले भन्नुभयो", किसानलाई राज्यले क्षतिपूर्ति दिनुपर्छ ।" नगरपालिकाले बजेटको कमीका कारण क्षतिपूर्ति दिन भन्दै उहाँले रिउ करिडोर निर्माण गरेर बाढी र जनावर दुवैबाट माडीवासीलाई जोगाउनुपर्ने बताउनुभयो।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले चारैतिर निकुञ्जले घेरेका कारण माडीमा नै सबैभन्दा धेरै वन्यजन्तुले क्षति पुऱ्याउने गरेको बताउनुभयो । वन्यजन्तुलाई बस्ती पस्नका लागि बनाइएका संरचनाले प्रभावकारी बन्न नसक्दा समस्या आइरहेको उहाँको भनाइ छ।

"निकुञ्जमा काँडेतार, सोलार फेन्स, मेस वायर फेन्सिङ र अहिले आरसीसी र पिसीसीसहितका बार लगाइएको छ तर प्रभावकारी बन्न सकेका छैनन्", उहाँले भन्नुभयो।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिमार्फत सिफारिस ल्याउने र निकुञ्जले थोरै भए पनि किसानलाई राहत वितरण गर्ने गरेको आचार्यले जानकारी दिनुभयो।

गत वर्ष मात्रै निकुञ्जले विभिन्न शीर्षकमा रु तीन करोडको राहत वितरण गरेको उहाँले बताउनुभयो । त्यसमध्ये सबैभन्दा धेरै बालीनाली क्षतिको नै हुने गरेको आचार्यले बताउनुभयो ।रासस

# पुख्र्यौली पेशामा छैन खासै चमक



टकींसिनवारी । विराटनगर-७ को हाटखोलामा सुमन जाँतोवालाले लोहोरो सिलौटो र जाँतो बनाउने काम लामो समयदेखि गर्दै आउनुभएको छ।

वहाँले बाबु बाजेले गरेकै पुख्र्यौली काम सम्हालेको ३० वर्षभन्दा बढी भएको छ । तर आधुनिकताको प्रभाव बढेसँगै जाँतोवालाले सम्हालेको पेशामा ग्रहण लाग्दै गएको छ । कुनै बेला भान्साको शान भनेर चिनिने लोहोरो सिलौटो र जाँतोमा मसला र खाद्य सामग्री पिस्ने चलन विस्तारै छुट्दै गएको छ।

परम्परागत लोहोरो सिलौटो र जाँतोको स्थान अब मिक्स्चर ग्राइन्डरले ओगटेको छ। श्रमको प्रयोग नगरी विद्युत्बाट सजिलै पिँधिने भएकोले सर्वसाधारण मिक्स्चर ग्राइन्डरमा आकर्षित भएका छन् । तर सजिलो र सुविधाका लागि सर्वसाधारणले आधुनिक उपकरणको प्रयोग गरिदिँदा परम्परागत र पुख्र्यौली पेशाको अस्तित्व नै सङ्कटमा पर्दै गएको छ।

दस वर्ष अघिसम्म जाँतोवालालाई लोहोरो सिलौटो र जाँतोको माग धान्न भ्याइनभ्याइ हुने गरेको थियो । तर मिक्स्चर ग्राइन्डर र यस्तै अन्य आधुनिक उपकरणको बजारमा प्रवेशपछि उहाँ विस्तारै फुर्सदिलो बन्दै जानुभयो।

कुनै बेला दिनको १० वटासम्म लोहोरो सिलौटो र चार वटा जाँतो बनाउने जाँतोवालाको उत्पादन तीन लोहोरो सिलौटो र एक जाँतोमा खुम्चिएको छ। तर थोरै संख्यामा बनाइएका लोहोरो र जाँतो पनि दुई-तीन दिनसम्म बिक्री हुँदैन । गधाको पिठिउँमा लादेर घर-घर डुलाउँदा समेत परम्परागत सामग्री बिक्री हुन गाऱ्हो छ।

आफूले उत्पादन गरेको लोहोरो सिलौटो र जाँतो बिक्री हुन छाडेपछि जाँतोवाला र वहाँको परिवारको जीवन गुजारा कठिन बन्दै गएको छ । उहाँ भन्नुहुन्छ, "अब लोहोरो सिलौटो र जाँतो बनाउने पुर्ख्यौली पेशामा खासै चमक छैन।'

बिजुलीबाट चल्ने आधुनिक उपकरणले परम्परागत एवं पुख्र्यौली पेशालाई ओझेलमा पारेको जाँतोवालाको ठम्याइ छ। कामले फुर्सद नभएको बेला उहाँलाई सघाउने जाँतोवालाकी श्रीमती हाल नातिनातिना खेलाउँदै व्यस्त हुनुहुन्छ।

जाँतोवालाका दुई छोरा सोहित र सोहेलले पनि लोहोरो जाँतो बनाउने पुर्ख् यौली पेशा आफूहरूले नगर्ने बताउनुभयो । सोहित जागिरको खोजीमा हुनुहुन्छ भने सोहेलको मोह विदेश जानेमा छ।

यस्तै विराटनगर-८ हाटखोला पुल छेउमा लोहोरो सिलौटो र जाँतोको पसल थाप्नुभएकी तुलसी जाँतोवालालाई के कमाउने के खाने भन्ने चिन्ता छ।

अर्को काम नजानेकाले बाध्य भएर पुख्र्यौली पेशामा नै झुण्डिनुपरेको गुनासो तुलसीले गर्नुभयो । तुलसीका श्रीमान् अजय जाँतोवालाले लोहोरो सिलौटो र जाँतो बनाए पनि बिक्रीमा भने कठिनाइ उत्पन्न हुँदै गएको बताउनुभयो । उहाँले यो पेशा समय कटाउने मेलो मात्र भएको बताउनुभयो ।रासस

## प्रहरी वृत्त अनामनगरसँगैको सार्वजनिक जग्गामा आकर्षक उद्यान बनाइने

काठमाण्डु । काठमाण्डु महानगरपालिका-२९ स्थित अनामनगर प्रहरी वृत्तसँगै रहेको सार्वजनिक जग्गामा आकर्षक उद्यान निर्माण गरिने भएको छ।

उद्यान निर्माणका लागि वाग्मती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयबाट रु ४० लाख बजेट विनियोजन भएको वडाध्यक्ष कुश ढकालले राससलाई जानकारी दिनुभयो।

राजधानीका सार्वजनिक जग्गामा उद्यान निर्माण गरी संरक्षण गर्ने उद्देश्यले बजेट व्यवस्था गरिएको हो। उद्यान निर्माणस्थलको वाग्मती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री दीपेन्द्र श्रेष्ठले स्थलगत अनुगमन गर्नुभएको छ।

सो अवसरमा मन्त्री श्रेष्ठले बजेट विनियोजन भइसकेकाले चालु आर्थिक वर्षमै आकर्षक उद्यान निर्माण गरिने जानकारी दिनुभयो। उद्यानको संरक्षण प्रहरी वृत्तले गर्ने भएको छ।

मन्त्री श्रेष्ठको नेतृत्वमा महानगरपालिकाका विभिन्न स्थानमा अतिक्रमण भएका सार्वजनिक जग्गा संरक्षणको कामसमेत भइरहेको छ ।रासस

# फूलखेती गर्ने किसानलाई माला गाँस्न भ्याइनभ्याइ



घोराही । जिल्लामा फूलखेती गरेका किसानलाई अहिले फूल टिपेर माला गाँस्न भ्याइनभ्याइ भएको छ । तिहार नजिकिएसँगै किसानले फूल टिपेर माला बनाउन थालेका हुन्। घोराही उपमहानगरपालिका-१४, झिगौरामा व्यावसायिकरूपमा फूलखेती गर्नुभएका लोकेन्द्र रोका मगर अहिले फूल टिपेर माला बनाउन थाल्नुभएको छ।

घोराहीउपमहानगरपालिका-१३ मा सामूहिक फूलखेती गर्नुभएका इन्द्रा बुढा मगरले पनि तिहारका लागि फूलको माला बनाउन सुरु गर्नुभएको छ । उहाँहरू जस्तै जिल्लामा अहिले फूलखेती गरेका किसानले तिहारका लागि तयारी सुरु गरिरहेका छन्। फूलको मालाको बढी माग हुने भएकाले तयारी थालिएको उहाँहरूको भनाइ छ।

माला बनाएर कोल्डस्टोरमा राखिने उहाँहरूको भनाइ छ। जिल्लामा मात्र नभई जिल्ला बाहिरबाट समेत फूलको माग आउने गरेको घोराही उपमहानगरपालिका-१४, झिगौरामा जलजला पुष्पखेती फार्मका सञ्चालक लोकेन्द्रले बताउनुभयो । बाहिर माग भए पनि पहिलो प्राथमिकता जिल्लामा नै दिने गरिएको उहाँ बताउनुहुन्छ्।

जिल्लालाई प्राथमिकता दिएको हुनाले माग भए पनि बाहिर पठाउने गरिएको छैन', उहाँले भन्नुभयो। उहाँले डेढ बिघा जग्गा भाडामा लिएर फूलखेती गरेको बताउनुभयो । उहाँले झिगौरासँगै सुनपुरमा पनि फूलखेती गर्नुभएको छ । उहाँले विगतका वर्षदेखि फूलखेती गर्दै आउनुभएको छ । रोजगारीको सिलसिलामा सात वर्ष कतारमा बिताउनुभएका लोकेन्द्रले जिल्लामा दसैँ तिहारलगायतका पर्व एवं अन्य शुभकार्यका लागि फूलको माग देखेपछि फूलखेती गर्न थाल्नुभएको हो।

दाङमा व्यावसायिकरूपमा फूलखेती कतै थिएन, काठमाडौँतिर फूलखेती पनि व्यावसायिक रूपमा गरेको देखेको थिएँ, अनि यहाँ मैले गरेको हुँ', रोकाले भन्नुभयो। रोकाले अहिले भारतको कोलकाताबाट अफ्रिकन मेरीगोल्ड जातको सयपत्रीको बीउ ल्याएर व्यावसायिक खेती गर्दै आउनुभएको छ।

घोराही बजार नजिकै फूलखेती गरेपछि आफूलाई बजारको कुनै समस्या नभएको रोका बताउनुहुन्छ । जिल्लाको घोराही, तुलसीपुर, लमही र भालुवाङ सहरबाटसमेत फूलको माग हुने गरेको छ।

"काठमाडौँबाट फूलको माग भए पनि फूल पठाउन सकिएको छैन', उहाँले भन्नुभयो । अहिले उहाँले एउटा मालालाई रु एक सयमा बिक्री गर्दै आएको बताउनुभयो।

पहिले तिहारका लागि मात्रै सयपत्री फूल उत्पादन गर्ने गरे पनि लोकेन्द्रले बाह्रैमहिना फूल उत्पादन सुरु गरेको बताउनुभयो।

वर्षाको समय र बढी चिसो समयमा भने केही समस्या हुने गरेको उहाँको भनाइ छ। अहिले उहाँले सजावटका लागि फूलका बिरुवा, उत्पादन तथा बिक्रीसमेत गर्दै आउनुभएको छ।

आफूसँगै परिवार तथा अन्य दुई जनालाई समेत रोजगारी प्रदान गरेको उहाँको भनाइ छ। फूलको माग दसैँ तिहारमा बढी हुने गरेको छ। यसै गरेर विभिन्न औपचारिक कार्यक्रम, विवाह, पूजाआजाका लागि फूलको माग हुने गरेको उहाँको भनाइ छ।

जिल्ला फूलखेतीका लागि उपयुक्त रहेकाले यसको सदुपयोग गर्नसमेत उहाँको आग्रह छ । पछिल्लो समय सरकारी निकायबाट समेत सहयोग प्राप्त गर्न सफल भएको उहाँले बताउनुभयो।

घोराही उपमहानगरपालिका-१३ डुम्मर गाउँमा पनि व्यावसायिकरूपमा फूलखेती गरिँदै आएको छ। इन्द्रा बुढाले विगत छ वर्ष पहिलेदेखि व्यावसायिकरूपमा फूल खेती गर्दै आउनुभएको हो। उहाँले पनि अहिले फूले टिपेर माला बनाउन थाल्नुभएको छ। तिहारको लागि मागसमेत हुन थालेको उहाँको भनाइ छ।

माग हुन थालेसँगै फूल टिपेर माला बनाउन सुरु गरेका छौँ', उहाँले भन्नुभयो । माला बनाएर कोल्ड स्टोरमा राखिने उहाँले बताउनुभयो । उहाँका अनुसार उत्पादन भएको फूलको धेरै खपत जिल्लामा नै हुने गरेको छ। माला रु एक सयदेखि तीन सयसम्म बिक्री गर्ने गरेको उहाँको भनाइ छ । मालाका डिजाइनअनुसार मूल्य बढी हुने गरेको छ।

जिल्लामै व्यावसायिकरूपमा फूल खेती भएपछि बाहिरबाट आउने कृत्रिम मालालाई समेत विस्थापित गर्न सकिन्छ भनेर यस व्यवसायमा प्रवेश गरेको उहाँ बताउनुहुन्छ।

अहिले आठ कठ्ठा जग्गा भाडामा लिएर व्यावसायिकरूपमा सयपत्री, मखमली, गोर्धौली र चाया फूलको खेती गरेको उहाँले बताउनुभयो। चाडपर्वसँगै पछिल्लो समय जिल्लामा हुने औपचारिक कार्यक्रममासमेत हजारीको फूलको मालाको माग बढ्दै गएको उहाँ बताउनुहुन्छ ।रासस


## सोनमा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**सोनमा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।४।१७**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०७९।८० मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७८/०७९ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्याथी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**

# अभियन्तामाथि प्रहरीको ज्यादती



टुडे समाचारदाता

जनकपुरधामाजनकपुरधाममायुवा अभियन्तामाथि प्रहरीले ज्यादती गरेको छ । बुधबार जानकी मन्दिर अगाडि फोहर सफा नगरेको विषयमा विरोध प्रदर्शन गर्दा प्रहरीले ज्यादती गरेको हो ।

घटनास्थलमा धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) प्रदीप बहादुर क्षेत्री स्वयम पुगेका थिए । उनले आक्रोशपूर्ण भाषामा युवा अभियन्ताहरुलाई थर्काएर अपशब्द गालीसमेत गरेको युवाहरुको आरोप छ । डिएसपी क्षेत्री सादा पोशाकमै त्यहाँ पुगेका थिए । उनीसमक्ष युवाहरुले स्थानीय जनप्रतिनिधि आएर कुन कारणले फोहर सफा नभएको विषयमा वार्ता गर्नुपर्ने माग राखेका थिए । तर डिएसपी क्षेत्रीले चर्को स्वरमा गाली गलौज गरी लाठी चार्जसमेत गरेको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।

'प्रहरी, डिएसपी भएको व्यक्तिले घृणायुक्त भाषाको प्रयोग गरेका थिए । उनको आक्रोशले सीमा नाघेको थियो, 'एक युवाले भने, 'उच्चारण गर्न नसक्ने शब्दहरु प्रयोग गरेर उनले युवाहरुलाई थर्काएका थिए । कपडा तानेर युवाहरुलाई उनले पिटेका थिए ।'

युवाहरु आफ्नो बचाउ गरी नारा लगाउँदा डिएसपीकै निर्देशनमा लाठी चार्जसमेत गरिएको थियो । प्रहरीको लाठी चार्जबाट केही युवालाई चोट पटक पनि लागेको छ । प्रहरीको कुटाइबाट उनीहरुको शरीरमा निल डाम बसेको छ । घाइते आठै जना युवालाई प्रहरीले अस्पताल नपुऱ्याएर नियन्त्रणमा लिइ जिल्ला प्रहरी लगेका थिए । यद्यपि प्रहरीले साँझ नियन्त्रणमा लिएका युवाहरुलाई थुनामुक्त गरेका छन् ।

उनले पत्रकार धनश्याम मिश्रमाथि पनि दुर्व्यवहार गरेका थिए । उनको मोवाइल पनि खोसिएको छ । नेपाल पत्रकार महासंघ धनुषा शाखाले पनि विज्ञप्ति जारी गरेर डिएसपी क्षेत्रीलाई सचेत गराएको छ । डिएसपी क्षेत्रीले घटनास्थलमा अमर्यादित गतिविधि गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

डिएसपी क्षेत्रीमाथि स्थानीय निर्वाचनमा समिम मियाँ अन्सारीको गलत क्रियाकलापको पृष्ठपोषण गरेको आरोप छ । अन्सारी एक उम्मेदवारको पैसा बाँडन आउने बेला उनकै नेतृत्वमा संरक्षण दिइएको थियो । डिएसपी आर्थिक प्रलोभनमा परी अन्सारीको साथ दिएका थिए ।

युवाहरुको एक समूह बिहान जानकी मन्दिर अगाडिको तेलहा मरहा पोखरी सफा गर्न पुगेका थिए । स्थानीयको समर्थन अनुसार युवाहरुले फोहर राख्ने ठाउँ नदेखेपछि सडकमै थुपारेका थिए । पछि जनप्रतिनिधिसँग वार्ता गरेर फोहर हटाउने युवाहरुको माग थियो ।

# उम्मेदवारहरु प्रचारप्रसारका लागि जनतामाझ

टुडे समाचारदाता

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका उम्मेदवार धनुषामा प्रचारप्रसारका लागि सहरदेखि गाउँ पसेका छन् ।

विभिन्न पार्टीका केन्द्रीय नेताहरू चुनावी प्रतिस्पर्धामा रहेकाले जिल्लामा यतिबेला चुनावी माहोल तातेको छ । चुनावी तयारीलाई तीव्र पारेको सत्तारुढ पाँच दलीय गठबन्धन र नेकपा एमाले-जसपा गठबन्धन छुट्टाछुटै बैठक, भेला र घरदैलोलाई तीव्रता दिएका छन् । पाँच दलीय गठबन्धनमा आवद्ध दलका नेता आन्तरिक तथा सामूहिक बैठक, छलफल र भेलालाई तीव्र पारेका छन्।

'गठबन्धनका उम्मेदवारसँगै हामी पनि चुनावी तयारीमा जुटेका छौं', एक नेताले भने-' अहिले दलहरूको आफ्नो आन्तरिक तथा गठबन्धनको बैठक, छलफल जारी छ ।' उम्मेदवारले पनि आफ्नो र दलको एजेण्डा बोकेर जनतामाझ पुग्न थालेका छन् उनको भनाइ छ । एमाले-जसपा गठबन्धनले पनि धनुषाको सबै क्षेत्रमा चुनावी रणनीति बनाउन बैठक, भेला जारी राखेको जसपा नेता विष्णुदेव साहले बताए ।

दलका नेता कार्यकर्ता र झण्डासहित उम्मेदवार गाउँगाउँसम्म पुग्न थालेपछि यतिबेला सहरी क्षेत्रमा मात्र होइन्, ग्रामीण भेगमा पनि चुनावी माहोल बन्दै गएको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएको करिब सात महिनापछि पुनः अर्को महत्वपूर्ण जनप्रतिनिधि छनोट गर्ने अवसर आएकाले यसलाई सहीरुपमा सदुपयोग गर्ने तयारीमा मतदाता छन् । अहिले चोकचोकको चिया पसलदेखि ठूलठूला होटलमा चुनावी चर्चा परिचर्चा हुने गरेको छ ।

यसपालिको चुनावमा कुन उम्मेदवार बलियो छ ? कुन उम्मेदवारले बाजी मार्ने ? चुनावी जोड घटाउ भइरहेको स्थानीयले बताए । जिल्लामा चार प्रतिनिधिसभा निर्वाचन क्षेत्र र आठवटा प्रदेशसभा निर्वाचन क्षेत्र छन् । सबै निर्वाचन क्षेत्रमा पूर्वमन्त्री तथा पार्टीका केन्द्रीय नेता चुनावी प्रतिस्पर्धामा रहेकाले सहजरुपमा चुनावी परिणाम आंकलन गर्न गाह्रो रहेको राजनीतिक जानकार बताउछन् । ती निर्वाचन क्षेत्रमा विभिन्न पार्टीबाट १० पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा छन् ।

धनुषा क्षेत्र नम्बर १ मा माओवादी केन्द्रका उपमहासचिव तथा पूर्वमन्त्री मात्रिकाप्रसाद यादव चुनाबी प्रतिस्पर्धामा छन् । गत २०७४ सालको निर्वाचनमा तत्कालीन बाम गठबन्धनका उम्मेदवार भएर सो क्षेत्रबाट निर्वाचित भएका उनी यसपटक पाँच दलीय गठबन्धनको साझा उम्मेदवार भएर चुनावी प्रतिस्पर्धामा होमिएका छन् ।

अघिल्लो निर्वाचनमा उनले २६ हजार चार सय १८ मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी तत्कालीन संघीय समाजवादी फोरमका दीपक कार्कीले १७ हजार दुई सय ९६ मत प्राप्त गरेका थिए । यसपटक पुनः यादव र कार्की चुनावी प्रतिस्पर्धामा होमिएका छन् । कार्की जनता समाजवादी पार्टीबाट उम्मेदवार बनेका छन् । एमालेले टिकट नदिएपछि किशोरी साह जनमत पार्टीबाट सो क्षेत्रमा उम्मेदवार बनेका छन् ।

**स्थानीय तहको निर्वाचन सम्पन्न भएको करिब सात महिनापछि पुनः अर्को महत्वपूर्ण जनप्रतिनिधि छनोट गर्ने अवसर आएकाले यसलाई सहीरुपमा सदुपयोग गर्ने तयारीमा मतदाता छन् । अहिले चोकचोकको चिया पसलदेखि ठूलठूला होटलमा चुनावी चर्चा परिचर्चा हुने गरेको छ ।**

गत निर्वाचनमा एमालेबाट प्रदेशसभामा निर्वाचित साह जनमत पार्टीबाट उम्मेदवार बनेका छन् । सो क्षेत्रमा यादव, कार्की र साहबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने स्थानीयको आंकलन छ ।

यस्तै क्षेत्र नम्बर २ मा पनि तीन जना पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । धनुषाको पूर्वी दक्षिण क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसबाट पूर्वमन्त्री रामकृष्ण यादव, एमालेबाट पूर्वमन्त्री उमाशंकर अरगरिया, नेकपा (एकीकृत समाजवादी) बाट पूर्वमन्त्री रामचन्द्र झा र जनता समाजवादी पार्टी (जसपा) बाट गंगाराम यादव चुनावी प्रतिस्पर्धामा छन् ।

गत निर्वाचनमा प्रतिनिधिसभामा संघीय समाजवादी फोरमबाट निर्वाचित अरगरियाले ३२ हजार ४४ मत ल्याएर जित हासिल गर्दा नेकपा माओवादी केन्द्रबाट उम्मेदवार बनेका पूर्वमन्त्री झाले १८ हजार सात सय १५ मत प्राप्त गरेका थिए । पूर्वमन्त्री अरगरिया अहिले नेकपा एमालेबाट उम्मेदवार बनेका छन् भने पूर्वमन्त्री झा नेकपा एकीकृत समाजवादी पार्टीबाट उम्मेदवार बनेका छन् ।

अघिल्लो निर्वाचनमा तेस्रो स्थानमा खुम्चिएका कांग्रेस नेता तथा पूर्वमन्त्री यादवसँगै जनता समावादी पार्टीले सो क्षेत्रमा गङ्गाराम यादवलाई उम्मेदवार बनाएको छ । उनीहरूबीच तीव्र प्रतिस्पर्धा हुने स्थानीयको आंकलन छ । धनुषा क्षेत्र नम्बर ३ मा एमाले नेतृ जुलीकुमारी महतो र लोसपा नेता अनिल झाबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

पाँचदलीय गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेता झा र एमाले-जसपा गठबन्धनबाट नेत्री महतो उम्मेदवार छन् । उनी दुबै निवर्तमान प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री छन् ।

महतो यो क्षेत्रका लागि पुरानै अनुहार छन् भने झा नयाँ अनुहार छन् । गत २०७४ सालको निर्वाचनमा कांग्रेस नेता निधि लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोसँग पराजित भएका थिए । यसपटक निर्वाचनमा कांग्रेस नेता निधि समानुपातिक सूचीमा गएको छ भने लोसपा वरिष्ठ नेता महतो आफ्नै गृहजिल्ला सर्लाही २ बाट चुनाव लडेका छन् ।

पुरानो महतो र नयाँ अनुहार झाबीच नै मुख्य प्रतिस्पर्धा हुने धेरैको आंकलन छ । पक्का भएको छ । लोसपा उम्मेदवार झाको जितको लागि कांग्रेसको मत महत्वपूर्ण छ । यो चुनावमा कांग्रेसको तर्फबाट अन्तर्घात हुने कुनै सम्भावना नरहेको नेता रामसरोज यादवले बताउछन् ।

यसैगरी, क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेस र एमालेका दुई ठूला नेता प्रतिस्पर्धामा छन् । सो क्षेत्रमा पाँच दलीय गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका सहमहामन्त्री तथा पूर्वमन्त्री महेन्द्र यादव र नेकपा एमालेका सचिव तथा पूर्वमन्त्री रघुवीर महासेठको उम्मेदवारीले त्यहाँ रोचक प्रतिस्पर्धा हुने देखिएको छ ।

विसं २०७४ को निर्वाचनमा पनि दुबै जना चुनाबी मैदानमा उत्रिएका थिए । त्यसबेला महासेठले यादवलाई पराजित गरेका थिए । महासेठले २२ हजार पाँच सय ३२ मत ल्याएर जित हासिल गर्दा यादवले १९ हजार नौ सय ९१ मत ल्याएका थिए । पुनः दुबै नेता एउटै क्षेत्रमा आम्ने साम्ने भएपछि चुनाबी सरगर्मी बढेको स्थानीयले बताएका छन् ।

अघिल्लो निर्वाचनमा भन्दा यसपटक निर्वाचनमा राजनीतिक समीकरण फरक रहेकाले चुनाबी परिणाम कसको पक्षमा जान्छ भन्ने अनुमान गर्न कठिन रहेको स्थानीयवासीको भनाइ छ । जिल्लमा दुई लाख ५२ हजार नौ सय १५ पुरुष,दुई लाख २१ हजार छ सय ६५ महिला र अन्य सात गरी कूल चार लाख ७४ हजार पाँच सय ८७ मतदाता रहेको मधेश प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ । जिल्लामा तीन सय २२ मतदानस्थल र छ सय पाँच मतदान केन्द्र तोकिएका छन् ।

# माछाको आयात खस्किदै

अनिल तिवारी

वीरगञ्ज । बजारमा यतिखेर उपलब्ध आयातीत मध्ये ७० प्रतिशत माछा तस्करी भएर भित्र्याइएको भन्ने तथ्य फेला परेको छ ।

माछा तस्करी आचानक गुणात्मकरुपमा बढेको तथ्यांकले देखाएको छ । बिना भन्सार प्रक्रिया भित्र्याइएका माछाको क्वारेन्टाइन पनि नहुने भएकोले राजश्व चुहावटसँगै जनस्वास्थ्यको दृष्टिकोणले पनि यो गम्भीर प्रभाव पारिरहेको जानकारहरुको तर्क छ ।

भारतबाट तस्करी गरी माछा भारी मात्रामा नेपाली बजारमा भित्र्याउने क्रम गतबर्ष भन्दा यो बर्षमा बढेको छ । परिणाम स्वरुप विधिपूर्वक कारोबार गर्न कठिन भएको भन्दै माछा आयातकर्ता कारोबारीले चिन्ता जनाएका छन् ।



जनसंख्या वृद्धिसंगै माछा आयात पनि वार्षिक रुपमा बढ्दो छ । तर यो आर्थिक वर्ष सुरु भए यता माछाको आयात घटेको छ । माछाको आयात बितेको आर्थिक वर्षको तुलनामा करिब ३० प्रतिशतमा झरेको छ भंसारको तथ्याकले देखाएकोछ ।करिब ७० प्रतिशत माछा अहिले तस्करीमार्फत आउन थालेको हुनाले वैध आयात घटेको आयातकर्ताहरुको आरोप छ ।

आर्थिक वर्ष २०७८/०७९ मा एक हजार ६ सय ९३ टन विभिन्न प्रकारका माछा जातिका बस्तु नेपालले आयात गरेको भन्सारको रेकर्ड छ । यसबाट १६ करोड ५७ लाखरुपैया राजश्व संकलन भएको थियो । तथ्यांक अनुसार गत वर्ष महिनाको औसत १४१.१४ टन माछा बाहिरबाट आयात भएको रहेछ भने यसपालि महिनाको ४२.५१ टन मात्र आयात भएको छ । यसरी चालु आर्थिक वर्षमा माछाको आयात करिब ७० प्रतिशतले ह्वाते घटेको देखिन्छ । यो वर्ष साउन र भदौ २ महिना गरी ८४.०२३ टन विभिन्न प्रकारका माछा जातिका वस्तु आयात भएको छ ।

'माछाको आयात बढ्नुको ठाउँमा घट्नु आश्चर्यजनक छ,' एक जना माछा आयातकर्ता व्यपारी अजय साहले भने, 'देशभित्रै माछाको उत्पादन बढेर यस्तो भएको होइन, तस्करीको कारण भएको हाम्रो बुझाइ छ । वैध तरिकाले माछाको व्यपार गर्ने कारोबारीहरु तस्करीका कारण समस्यामा परेको साहले बताए ।

आयात घटेसंगै माछाबाट आउने राजश्व पनि घट्ने भएको छ । भारतबाट अवैध रुपमा आउने माछा रोक्नुपर्ने भन्दै चितवनको भरतपुरमा असोज ६ मा नेपाल मत्स्य व्यवसायी संघ केन्द्रीय समितिले पत्रकार सम्मेलन नै गऱ्यो । 'फर्मालिन' भनिने केमिकल हालिएको माछा भारतबाट दैनिक ५० टनभन्दा बढी नेपाल आउने गरेको बताउदै संघका केन्द्रीय अध्यक्ष अम्बिकाप्रसाद अधिकारीले स्वास्थ्यका लागि घातक र भन्सार छली ल्याउने माछा भित्रिन रोक्न आवश्यक रहेको बताए ।

क्वारेन्टाइन परीक्षण बिना भित्रिने यस्ता माछा रसायनिक र जैविक रुपमा स्वास्थ्यको दृष्टिकोणले जोखिमपूर्ण हुने चिकित्सकहरुले बताउँछन् ।बागमति प्रदेशमा प्रहरीले अवैध माछा नियन्त्रणको प्रयास गरेको पनि देखिन्छ । साउनयता ३ हजार ७० किलो माछा बरामद गरी विधि पुऱ्याएर र सरोकारवालाहरुको उपस्थितिमा मुचुल्का उठाएर नष्ट गरिएको बागमति प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी वरिष्ठ प्रहरी उपरीक्षक दीपक रेग्मीले बताए ।

प्रतीतपत्र (एलसी) मा शतप्रतिशत रकम जम्मा गरेर मात्रै सामान आयात गर्नुपर्ने नेपाल राष्ट्र बैंकको प्रावधानले अवैध रुपमा विभिन्न वस्तुहरु भित्रिने क्रममा माछाको पनि तस्करी बढेको हो । चोरी निकासी पैठारी नरोक्नुले सुरक्षा व्यवस्था सफल हुन नसकेको देखिन्छ । बाक्सामा माछा हालेको माछा साइकलमा राखेर सीमापारीका भारतीय बजारहरुबाट सीमावारी ल्याउने गरिएको छ । त्यहाँबट काठमाण्डुसहित नेपालका विभिन्न सहरहरुमा साना तथा मझौला गाडीहरुमा राखेर तस्करीको माछा पुरयाउने गरिएको छ । अनुगमन र नियन्त्रण नहुँदा स्वास्थ्यका लागि जोखिमपूर्ण माछा नेपालीहरुको भन्सारमा पुगिरहेको छ ।

# नागरिकता विधेयक पास गर्नका लागि सता गठबन्धन



टुडे समाचारदाता

कलैया । संविधानसभा सदस्य एवम् बारा निर्वाचन क्षेत्र नम्बर २ बाट नेपाली कांग्रेस पार्टीको तर्फबाट प्रदेश सभा 'ख' का उम्मेदवार रामअयोध्या यादवले संविधानको रक्षा एवम नागरिकता विधेयक पास गर्नका लागि सता गठबन्धन भएको बताएका छन ।

नेपाली कांग्रेस कबहीगोठले आयोजना गरेको चुनावी प्रचारप्रसार एवम् छलफल कार्यक्रममा यादवले संविधान कार्यान्वयनमा पटक पटक प्रहार गरी संविधानको घाँटी निमोटने काम केपी ओलीको सरकार गरेको बताउँदै सरकारले दुई पटक संसदबाट पास गरी राष्ट्रपति कहाँ स्वीकृत गर्नका लागि पठाउँदासमेत नेकपा एमालेका अध्यक्ष ओलीको इसारामा फिर्ता पठाउनेसम्मको काम गरेको हुँदा संविधान खतरामा नै रहेको प्रष्ट पारे ।

मुलुकको हरेक परिवर्तनमा कांग्रेसको अग्रणी भूमिका रहेको बताउँदै यादवले तराई मधेशको समस्या पनि कांग्रेसले नै समाधान गर्ने भन्दै गठबन्धनमा रहेको उम्मेदवारहरुलाई मतदान गरी विजयी गराउन आग्रह गरे ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, विधिको शासन कायम गर्न, सुशासनको प्रत्याभूति आम नागरिकमा दिलाउने, निष्पक्ष एवम् धांधली रहित निर्वाचन गराइ मुलुकमा शान्ति स्थायित्व, विकास समृद्धि कायम गराउदै अधिनायकवादलाई परास्त गर्नका लागि पनि लोकतान्त्रिक शक्तिहरु मिल्नुको विकल्प नरहेको प्रदेशसभाका उम्मेदवार यादवको तर्क रहेको थियो ।

सोही कार्यक्रममा सुवर्ण गाँउपालिकाका अध्यक्ष राजेश यादवले दुई तिहाइको सरकार जोगाउन नसक्ने ओलीलाई अब नेपाली जनताले घुडा टेकाउने बताए । दुई तिहाइको हाराहारीमा रहेको ओलीले सरकार बनाउने र गिराउने काममा मात्र अल्झेर मुलुकलाई बरबादीको दिशामा ल्याउने काम गर्दै संविधान बनाउन असफल भएपछि नेपाली कांग्रेस पार्टीको तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वको सरकारले मुलुकमा संविधान निर्माण गरी नेपाली जनताको अधिकारको प्रत्याभूति गराउने काम गरेको जानकारी दिए ।

# 'बाध्यताले गर्दा सत्ता गठबन्धनबाट बाहिरिएको हो'

टुडे समाचारदाता

कलैया । जनता समाजबादी पार्टीका मधेश प्रदेशका अध्यक्ष एवम् निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार रामबाबु कुमार यादवले बाराको बलिरामपुरमा घरदैलो तथा चुनावी सभालाई सम्बोधन गर्दै जनता समाजवादीले विगतको निर्वाचनमा जितेको सीट भन्दा कम सीट दिइ तालमेल गर्न खोज्दा पार्टीको सम्मानको लागि गठबन्धनबाट बाहिरिनु परेको बताएका छन् ।

नेपाली कांग्रेसको भित्री उद्देश्य भनेको पार्टीलाई थ्रेसहोल्डबाट बंचित गराउने षडयन्त्र गरेको जानकारी प्राप्तपछि जनता समाजवादी पार्टीले गठबन्धनबाट बाध्य भइ हट्नु परेको अध्यक्ष यादवले प्रष्ट पारे ।

तराई मधेशको जनताले भोग्दै आएको यावत पीडाहरु जनता समाजवादी पार्टी कै कारण केहीसम्म समाधान गर्न सके पनि पूरा हुन नसकेको बताउँदै मधेशी जनताको अधिकार दिलाउनका लागि पार्टी पूर्णरुपमा कटिवद्ध भइ लागिरहेको यादवले भने ।

जनता समाजवादी पार्टीका कारण मुलुकमा संघीयता आएको दाबी गर्दै अध्यक्ष यादवले अपुरो रहेको संविधानलाई संशोधन गरी मधेशमा बसोबास गरिरहेको तमाम मधेशी जनताको अधिकार पूर्णरुपमा ग्यारेन्टी नगरिए सम्म अधिकारको लडाइ लडिरहने प्रतिवद्धता व्यक्त गरे ।

प्रदेशमा जनता समाजवादी पार्टीको नेतृत्वमा निर्माण भएको सरकारले मधेशको मुहार फेर्ने कामहरु धैरै गरे पनि अझै केही गर्न बाकी रहेको हुँदा आफू र आफनो पार्टीका उम्मेदवारलाई मतदान गरी मधेश प्रदेशमा पुनः सरकार बनाउनका लागि मत दिन यादवले आग्रहसमेत गरे ।


# गोली लागेर शाखा प्रमुख घाइते

अजमल मिकरानी

मलंगवा । सर्लाहीको बागमती नगरपालिका वडा न-१ मिलन चोक स्थित सगुन साकोस नामक सहकारी संस्थामा लुटपाट गर्न आएका लुटेराहरुको समूहले चलाएको गोली लागेर उक्त संस्थाका शाखा प्रमुख गम्भीर घाइते भएका छन् ।

घाइते हुनेमा लालबन्दी नगरपालिका वडा न-२ का ३४ वर्षीय साजन कार्की रहेका छन् । उनको काँध, पाखुरा, तिघ्रा र कोखामा गरी चार ठाउँमा गोली लागेको छ । उनलाई हरिवनस्थित एडभान्स सरस्वती हस्पिटलमा सामान्य उपचारपछि सिमरा हुँदै हेलिकप्टर मार्फत काठमाण्डु लगिएको छ ।

बुधबार कार्यालय समयमा भारतीय नम्बरको मोटरसाइकलमा चढेर आएका



तीनजना लुटेराहरुले सो शाखामा भएका नगद रकम लुट्न खोजेपछि शाखा प्रमुख कार्कीले प्रतिकार गर्न खोज्दा उनीहरुले चलाएको गोली लागेर कार्की घाइते भएको संस्थाका संस्थापक अध्यक्ष बाबुराम घिमिरेले जानकारी दिएका छन्।

अध्यक्ष घिमिरेका अनुसार शाखा प्रमुख कार्की विहान समयमै कार्यालयमा हाजिर भएका थिए । उनले ४ जना सेवाग्राहीसँग कारोबारसमेत गरिसकेका थिए । त्यस लगतै भारतीय नम्बर प्लेटमा आएका तीन जना लुटेराहरुले सो शाखा लुट्न खोज्दा उक्त घटना हुन पुगेको हो । लुटेराहरुले रकम भने लुट्न नपाएको घिमिरेले बताए ।

गोली प्रहार गर्ने लुटेराहरु भने फरार भएका छन् । उनीहरुको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# स्रोत नखुलेको नगदसहित ३ जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-१२ रघुनाथपुर नहर स्थित चोकबाट स्रोत नखुलेको २० लाख रूपैयाँसहित सुनसरी जिल्ला इनरवा नगरपालिका-२ का २७ वर्षीय बजरंग प्रसाद गुप्तासमेत २ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी बरमझियाबाट खटिएको प्रहरीले प्र.१-०२-०४६ प ५६३१ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई जाँच गर्ने क्रममा स्रोत नखुलेको उक्त नगदसहित



फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरेहको जनाइएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं. ९१/०५७/५८**